का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ साउन २०८२,
मंगलबार
29 July, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



## भूमि विधेयकमा कांग्रेसले खोज्यो संशोधन

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले प्रस्तावित भूमि ऐन संशोधन विधेयक जस्ताको तस्तै पारित गर्न खोजिरहेको छ । तर प्रमुख सत्ताघटक कांग्रेसले विधेयकका महत्वपूर्ण प्रावधानमा संशोधन हुनुपर्ने खोजेको छ ।

**कांग्रेसले लिएको ३ आधार**

- भूमि विधेयकमा प्रदेशको सहमति लिन सकिएन भने ऐन बने तापनि कार्यान्वयन नहुन सक्छ ।
- हदबन्दी छुटको जग्गा फरक प्रयोजनमा प्रयोग गर्न दिए गिरिबन्धु टी-स्टेटमा सर्वोच्च अदालतले गरेको फैसला उल्लंघन हुन्छ ।
- अव्यवस्थित बसोवासीसँग जग्गा छ, भूमिहीनसँग छैन । यसकारण दुवै एकै हुन जस्तो गरी ऐन बनाए दुरुपयोग हुन सक्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

नेपाली कांग्रेसले प्रस्तावित भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक जस्ताको तस्तै पारित हुन नदिने भएको छ । सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले प्रस्तावित विधेयक जस्ताको तस्तै पारित गर्न खोजिरहेका बेला प्रमुख सत्ताघटक कांग्रेसले महत्वपूर्ण प्रावधानमा संशोधन खोजेको हो । विधेयकमा के कस्ता विषय संशोधन आवश्यक छ भनेर पनि कांग्रेसले आफ्ना विषय अगाडि सारेको छ ।

कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले राखेको संशोधनमा वन र भूमि प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने विषय रहेको उल्लेख छ । संशोधन प्रस्तावबारे महामन्त्री शर्मा भन्छन्, 'यदि भूमि विधेयकमा प्रदेशको सहमति लिन सकिएन भने ऐन बने तापनि कार्यान्वयन नहुन सक्छ । यसकारण समन्वय आवश्यक छ ।' यसलाई कांग्रेसले भूमि विधेयकमा हुनुपर्ने पहिलो संशोधन भनेको छ ।

एउटा प्रयोजनका लागि प्राप्त हदबन्दी छुटको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्न दिन नहुने कांग्रेसको अर्को संशोधन छ ।

कांग्रेस सांसद जीवन परियार हदबन्दी छुटको जग्गाको प्रयोगको विषयमा सर्वोच्च अदालतले यसअघि दिएको परमादेश ख्याल गर्नुपर्ने बताउँछन् । 'सर्वोच्च अदालतले फरक प्रयोजनमा जग्गा प्रयोग गर्न दिन नहुने भनेर परमादेश दिएको छ,' सोमबार प्रतिनिधि सभाअन्तर्गतको कृषि तथा प्राकृतिक स्रोत समितिको बैठकमा सांसद परियारले भने ।



**यदि भूमि विधेयकमा प्रदेशको सहमति लिन सकिएन भने ऐन बने तापनि कार्यान्वयन नहुन सक्छ । यसकारण समन्वय आवश्यक छ ।**

**विश्वप्रकाश शर्मा**
**महामन्त्री, नेपाली कांग्रेस**

२०८० साल पुसमा सर्वोच्च अदालतको संवैधानिक इजलासले झापाको बिर्तामोडस्थित गिरिबन्धु टी-स्टेटको जग्गाको सट्टापट्टाको विषयमा परेको रिटमा परमादेश जारी गरेको थियो । उक्त परमादेशविपरीत ऐन बने कार्यान्वयन हुन नसक्ने तर्क गर्दै कांग्रेसले भूमि विधेयकमा संशोधन चाहेको छ ।

प्रस्तावित विधेयकमा सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीलाई जग्गा दिने भनेको छ । कांग्रेस सांसद पृष्ठ २ मा

# प्रहरीमा बढ्दो वितृष्णा

## एक वर्षमा २ हजार ३ सय ६९ जनाले छाडे जागिर, ५ सय २३ अनिवार्य अवकाशमा



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

नेपालको समग्र शान्ति सुरक्षाको जिम्मेवारी लिएको नेपाल प्रहरीमा जागिर प्रवेशको केही समय रमाए पनि आन्तरिक अवस्था बुझेपछि धेरैले प्रहरी सेवाप्रति असन्तुष्टि जनाएका छन् । झट्ट हेर्दा सानदार देखिने प्रहरीका विभिन्न पदमा कार्यरत करिब २ हजार ४ सय प्रहरी कर्मचारीले जागिर छाडेका हुन् ।

२०८१ साउनदेखि २०८२ असारसम्म (एक वर्ष)को अवधिमा जवानदेखि अधिकृत तहसम्मका २ हजार ३ सय ६९ प्रहरीले राजीनामा दिएको नेपाल प्रहरीको तथ्यांकले देखाएको छ । केही प्रहरी अपराध र आचरणविपरीत गतिविधिमा मुछिएपछि विभागीय कारबाहीमा परेर राजीनामा दिए पनि अधिकांश कर्मचारीमा सेवा प्रवेश गर्दाको अपेक्षाअनुरूप नभएपछि पेसा छाड्नेको संख्या बढेको हो । जागिर छाड्नेमा प्रहरीको माथिल्लोभन्दा तल्लो दर्जाका कर्मचारी अत्यधिक छन् ।

तथ्यांकअनुसार जागिरबाट राजीनामा दिएका २ हजार ३ सय ६९ जनामध्ये अधिकांश सिपाही र हबल्दार छन्।नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार गत एक वर्षमा सिनियर प्रहरी अधिकृत १९, जुनियर प्रहरी अधिकृत ४ सय १ र अन्य दर्जाका १ हजार ९ सय ४९ जनाले जागिर छोडेका छन् । यसमा कतिपयले पहिल्यै राजीनामा दिएर हिँड्ने गरेका छन् भने केही बिदामा बसेर वा भागेर सम्पर्कमा नआउने गरेका घटना पनि छन् । त्यस्ता प्रहरी कर्मचारीका लागि नेपाल प्रहरीले ३५ दिने सार्वजनिक सूचना नै जारी गरेर कार्यालयमा उपस्थित हुन अनुरोध गर्ने गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

सोचेअनुरूप नभएपछि असन्तुष्टिका कारण पेसा छाड्ने गरेको एक अध्ययनले देखाएको छ । प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीका पाला (२०७६)मा प्रहरीले जागिर छाड्नुको कारणबारे प्रहरीले अध्ययन गरेको थियो । त्यसबेला जागिर छाड्ने समस्यामध्ये ड्युटी समय बढी र पारिवारिक ऋणमा परेको मुख्य कारण देखिएको विज्ञले बताएका छन् । बाहिरी हल्ला प्रहरीको सेवासुविधा कमी भएकाले राजीनामा दिने गरेको भन्ने हल्ला बढी भए पनि मुख्य सामाजिक कारण भएको सुरक्षा उनीहरूको भनाइ छ ।

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल तल्लो दर्जाका प्रहरी कर्मचारीले नोकरी छाड्नुको कारण उनीहरूको आर्थिक समस्या (ऋणमा पर्नु) र ड्युटीको समय अत्यधिक बढी भएको बताउँछन् । 'प्रहरीले गरेको अध्ययनअनुसार जागिर छाड्ने कारण तलब सेवा सुविधा मात्रै होइन,' मध्यान्हसँगको कुराकानीमा उनले भने, 'यसमा सामाजिक कारण पनि जोडिएको छ । नेपालमा प्रहरीहरूका लागि ड्युटीको समय पृष्ठ २ मा



"नेपालमा प्रहरीहरूका लागि ड्युटीको समय अत्यधिक बढी छ, अर्को कारण उनीहरू ऋणमा परेका देखिन्छन् । कतिपय प्रहरी जागिरमा प्रवेश गर्दा जुन सोचका साथ आएका हुन्छन्, वास्तविकता सोचेअनुरूप नपाएपछि राजीनामा दिने गरेको पाइएको छ ।

**हेमन्त मल्ल**
**पूर्वडीआईजी**

**वैदेशिक रोजगार विशेष**

## श्रम संसार अनलाइन पोर्टल जोडियो नागरिक एपमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको श्रम संसार अनलाइन पोर्टल नागरिक एपमा जोडिएको छ । श्रम मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा श्रममन्त्री शरतसिंह भण्डारी र योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले संयुक्त रूपमा उद्घाटन गरे ।

श्रमसंसार पोर्टल नागरिक एपसँग जोडिएसँगै एकीकृत रूपमा विभिन्न सेवा प्रदान गर्ने श्रम मन्त्रालयले जनाएको छ । श्रममन्त्री भण्डारीले नेपाल सरकारको 'डिजिटल नेपाल' योजनालाई सफल बनाउन यो कार्य गरिएको भन्दै यसबाट आन्तरिक तथा वैदेशिक रोजगारीलाई कामदारको पहुँचमा पुऱ्याउन महत्वपूर्ण योगदान पुग्ने बताए ।

श्रममन्त्री भण्डारीले केही समयअघि इरान-इजरायल युद्धका समयमा अलपत्र परेका केही नेपाली कामदार श्रम संसार एप्समार्फत मन्त्रालयसँग सम्पर्कमा आएको र त्यसपश्चात् उनीहरूलाई सहज रूपमा उद्धार गरिएको बताए ।

उनले श्रम संसार एपमार्फत स्वदेश तथा विदेशमा रोजगारीको खोजी, टेलिमेडिसनलगायत स्वास्थ्य उपचार र अन्य आपतकालीन सेवा प्रवाहमा सहज हुने जानकारी दिए ।

उनले अब कुन म्यानपावर कम्पनीले कहाँ विज्ञापन गरेको छ वा कुन रोजगारदाताले के कस्तो जनशक्ति खोजेको छ भन्नेबारे सजिलोसँग थाहा पाउन सकिने बताए ।

आगामी दशकलाई आन्तरिक रोजगार प्रवर्धन दशकका रूपमा अघि बढाएर नेपालमै रोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारबाट सीप पुँजी र प्रविधि लिएर फर्किने युवायुवतीलाई उद्यमशीलतासँग जोड्ने गरी सरकार अघि बढेको पनि मन्त्री भण्डारीले बताए । आन्तरिक श्रम बजारमा रहेका अवसरको विश्लेषणको अभावले नागरिकहरू नेपालमा नै पाइने काम खोज्न बिदेसिनुपरेको भन्दै श्रममन्त्री भण्डारीले सरकारले डिजिटल नेपालको पृष्ठ २ मा

### सयको पिरलोले अझै छोडेन व्यवसायीलाई



**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाललाई भेटेर इजाजत नवीकरणका लागि बाध्यकारी सय संख्याले उत्पन्न गराएको समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरेको छ ।

मञ्चको प्रतिनिधिमण्डलले इजाजत नवीकरणका लागि बाध्यकारी संख्या सयको प्रावधान संघीय संसद्बाट संशोधन भई पारित भइसकेको र राष्ट्रपति कार्यालयमा प्रमाणीकरणको प्रक्रियामा रहेको जानकारी गराउँदै सोको प्रक्रिया पूरा हुन समय लाग्ने भएकाले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउ वा अन्य उपयुक्त पृष्ठ २ मा

# देशभर डेंगुको त्रास



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

पछिल्लो समय देशभर डेंगुको त्रास बढेको छ । २०२५ को जनवरीदेखि जुलाई २७ सम्ममा डेंगु संक्रमण ७४ जिल्लामा फैलिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार २७ जुलाईसम्म डेंगु ७४ वटा जिल्लामा फैलँदै संक्रमितको संख्या २ हजार ३ सय १० पुगेको छ । पछिल्लो एक सातामा मात्र १ सय १४ नयाँ संक्रमित थपिएको महाशाखाको तथ्यांक छ ।

जसअनुसार सबैभन्दा बढी संक्रमित काठमाडौंमा रहेको पाइएको छ । यस जिल्लामा २ सय ३५ जना संक्रमित छन् । कास्की पनि डेंगुको संक्रमण बढी भएको जिल्ला हो । कास्कीमा २ सय ३५ डेंगु संक्रमित देखिएका छन् । तनहुँमा १ सय २८, पाल्पामा १ सय २२ र सुनसरीमा १ सय १७ जनामा संक्रमण देखिएको छ ।

लामखुट्टे गर्मी हुने ठाउँमा पाइने भए पनि कुनै ठाउँको तापक्रम लगातार ३५ डिग्रीभन्दा बढी भइरहँदा त्यस्तो ठाउँमा लामखुट्टे धेरै दिन बाँच्न नसक्ने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डाइरेक्टर डा. चन्द्रभाल झा बताउँछन् । '३५ डिग्रीभन्दा बढी तापक्रम हुने ठाउँमा लामखुट्टे धेरै सर्भाइभ गर्न सक्दैनन् । २५ डिग्रीभन्दा कम तापक्रम भएका पृष्ठ २ मा

# ‘सामाजिक सुरक्षा कोषको आबद्धता धनी बन्न होइन’

**काठमाडौं / मस–** महान्याधिवक्ता रमेश बडालले सामाजिक सुरक्षा कोषमा आवद्धता धनी बन्नका लागि नभएको स्पष्ट पारेका छन् ।

सामाजिक सुरक्षा कोषले आयोजना गरेको ‘सामाजिक सुरक्षा कोषमा वृहत आवद्धता अभियानको लागि सामाजिक सुरक्षा कोष र नेपाल बार एसोसिएसनबीच सम्झौतामा हस्ताक्षर कार्यक्रम’मा महान्यायाधिवक्ता बडालले यस्तो बताएका हुन् । उनले सामाजिक सुरक्षा कोषमा गरेको योगदान बैंकमा जम्मा गरेको रकम वा शेयरमा गरेको लगानी जस्तो नभएको बताए । यसबाट रकम निकालेर कहिँ घरजग्गा वा अन्य व्यवसायमा लगानी गर्न नपाइने उनको भनाइ थियो । सामाजिक सुरक्षा कोषमा गरेको लगानीले कसैलाई धनी पनि नबनाउने र रोग र भोकले मर्न पनि नदिने उनले भनाइ थियो ।

उनले भने, ‘कतिपय सन्भर्दमा साथीहरूको प्रश्न उठ्छ ल, यो त सेभिङ फण्ड हो कि त । मैले राखेको पैसा मैले रिटर्न पाउनुपर्छ  भन्ने छ । ‘सोसियल सेक्युरिटी फण्ड’ ले कसैलाई धनी बनाउन खोज्दैन । र यसले कसैलाई पनि भोक र रोगको कारणले मर्न दिँदैन । यसको ‘थेम’ यतिमात्रै बुझ्दा पनि हुन्छ । यसले कसैलाई धनी चाहिँ बनाउँदैन सेसियल सेक्युरिटीले । बैंकमा राखेको पैसा निकाले म घरजग्गा किन्छु भनेजस्तो सोसियल




सेक्युरिटीमा गरेको कन्ट्रिब्युसन निकालेर म घरजग्गा किन्छु र स्वाट्टै यसको भाउ बढ्ला । अथवा शेयरमा लगानी गर्छु र स्वाट्टै त्यसको भाउ बढाएर म धनी हुन्छु भन्ने परिकल्पना हामीले गर्‍यौं भने त्यो चाहीँ गलत हो, त्यो यसबाट सम्भव छैन ।’

महान्यायाधिवक्ता बडालले सामाजिक सुरक्षा कोषलाई सामाजिक सुरक्षाकै रुपमा हेर्न र बचत वा लगानीको रुपमा नहेर्न पनि कानून व्यवसायीहरूसँग आग्रह गरे । नेपाल बार एशोसिएशन र सामाजिक सुरक्षा कोषबीच सम्झौता भएसँगै बारमा आवद्ध कानून व्यवसायीहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन् । उनले बच्चा जन्मेदेखि हुने जोखिम र दुर्घटना वा अशक्तताको अवस्थामा सामाजिक सुरक्षा कोषले मद्दत गर्ने पनि स्पष्ट पारे ।

नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता डा. विजयप्रसाद मिश्रले शिक्षा र स्वास्थ्य क्षेत्र निजी क्षेत्रलाई जिम्मा दिनु संविधानको भावना विपरित भएको बताए । उनले निजी क्षेत्रको नियन्त्रणभा भएका कारण शिक्षा र स्वास्थ्य महँगो भएको उनको भनाइ थियो । नेपाल बार एशोसिएशन सामाजिक सुरक्षा कोषमा आवद्ध भएसँगै अब स्वास्थ्य उपचारमा सहुलियत पाउने विश्वास व्यक्त गरे । वरिष्ठ अधिवक्ता मिश्रले राज्यको स्रोत साधनमा जनताको समान पहुँच हुनुपर्नेमा जोड दिए ।

संविधामा लेख्दैमा समान पहुँच हुनेभए पञ्चायती संविधानमा पनि धेरै कुरा उल्लेख रहेको उनको भनाइ थियो । उनले भने, ‘संविधानले ‘सोसलिज्म’ को व्यवस्था गरेको छ । सोसलिज्म भनेको के हो भन्ने कुरामा धेरै अनुसन्धान पनि भएको छ । राज्यका स्रोतहरू, अवसरहरू समानरुपमा सबैलाई बाँड्ने । सोसलिज्मको प्रस्पेक्टिभ हो । पञ्चायतको संविधानले पनि लगभग यस्तै व्यवस्था गरेको थियो । तर हामी उल्टो बाटोमा हिँड्यौं । दलहरूलाई निषेध गर्‍यौं । मान्छेलाई वर्षौंवर्ष जेल हाल्यौं । अनि के गर्‍यौं भने उपलब्धि हासिल हुन सकेन । अहिले समाजवादका कुरा संविधानका ठाउँ ठाउँमा लेखिएको छ । तर शिक्षाको क्षेत्र, स्वास्थ्यको क्षेत्र के भयो भने समाजवादी दिशातर्फ छैन । निजी क्षेत्रको नियन्त्रणमा छ । निजी तियन्त्रणमा भएको हुनाले उपचार खर्च पनि महँगो छ । अब सामाजिक सुरक्षा कोषमा आवद्ध भइसकेपछि उपचार खर्च पाइन्छ भन्ने आशा र विश्वास गर्ने ठाउँ खडा भएको छ ।’

उनले स्वास्थ्य बीमाको नियती सामाजिक सुरक्षा कोषले भोग्न नपरोस् भन्दै सचेत पनि गरे । हरेक कुरालाई अत्याधिक दोहन गर्ने खराब बानीका कारण स्वास्थ्य बीमा मारमा परेको उनको भनाइ थियो । स्वास्थ्य बीमाको मार्ग सामाजिक सुरक्षा कोषले अवलम्वन गर्न नहुनेमा उनले जोड दिए ।

# अख्तियारको बेरुजु शून्य




**काठमाडौं / मस–**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बेरुजु शून्य देखिएको छ । प्रत्येक वर्ष ठुलो मात्रमा बेरुजु बढिरहेका बेला अख्तियारको भने बेरुजु शून्य देखिएको हो । सोमबार सार्वजनिक लेखा समितिको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव नारायण शर्मा दुवाडीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अहिलेसम्म बेरुजु कुनैपनि नरहेको जानकारी दिए । उनले कानुनको परिपालना गरेर कार्यसम्पादन गर्ने हो भने कुनैपनि बेरुजु नरहने बताए ।

सचिव दुवाडीले भने, ‘कानुनअनुसार काम गरेकै कारण बेरुजु नआएको हो । इमान्दारितापूर्वक कानुनको परिपालना गरौं । बेरुजु रहन्न । निकायहरुमा अहिले धेरै बेरुजु देखिने गरेको छ । सबै बेरुजु भ्रष्टाचार नभएपनि बेरुजु एक भ्रष्टाचारको सुरुवात हो । कतिपय बेरुजु भ्रष्टाचारमा परिणत भएका छन् । अख्तियार समेत आकर्षित हुने गरेको छ ।’

उनकाअनुसार बेरुजु फछ्र्यौट गर्न कानुनको परिपालना गर्नैपर्छ भने व्यवस्थित लेखा प्रणाली नहुनु पनि बेरुजु बढ्नुको एक कारण हो । कमजोर कारबाही प्रणाली, बेरुजु फछ्र्यौट गर्ने दायित्व कसको हो भन्नेबारे दुविधा रहनु, बारम्बार कर्मचारी परिवर्तनले पनि फछ्र्यौटमा समस्या पारेको उनको भनाइ छ ।

सचिव दुवाडीकाअनुसार औचित्य पुष्टि नहुने गरी अनेक शीर्षकमा बजेटमा राखिने भएकाले पनि बेरुजु बढेको हो । बेरुजु फछ्र्यौट शासकीय इस्यु भएकाले पनि शून्य बेरुजु कायम गर्नेगरी अघि बढ्नुपर्छ ।

# सातै प्रदेशमा पठाइयो रेबिजविरुद्धको खोप

**काठमाडौं / मस-**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागले देशका सातै प्रदेशमा रेविज विरुद्धको भ्याक्सिन तथा सर्पदंश उपचारमा प्रयोग हुने औषधि आपूर्ति गरेको छ ।



विभाग अन्तर्गतको व्यवस्थापन महाशाखा प्रमुख डा. पवनजंग रायमाझीले यसअघि नै खरिद भएर आपूर्तिका क्रममा रहेको औषधि प्रदेश सरकारहरूका स्वास्थ्य संस्थामा वितरण गर्नेगरी आपूर्ति केन्द्रहरूमा पुगिसकेको जानकारी दिए ।

रेविज तथा सर्पदंश उपचारमा प्रयोग हुने खोप तथा औषधि अभाव भएको समाचार आए लगत्तै चासो लिँदै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मातहतका अधिकारीहरूलाई अभाव नहुनेगरी तत्काल आपूर्ति व्यवस्थापन गर्न निर्देशन दिएका थिए ।

उनले सम्बन्धित अधिकारीहरूलाई आपूर्ति अवस्था बढाएर तथा भावी दिनमा अभाव हुन नदिनेगरी आवश्यक सबै उपाय अपनाउन दिर्नेशन दिएका थिए । सोहीअनुसार स्वास्थ्य सेवा विभागले सबै प्रदेशहरूमा दुवै प्रकारका औषधि आपूर्ति गरेको हो ।

विभागको तथ्यांकअनुसार रेविजविरुद्ध उपयोग हुने ५१ हजार एक सय ८० भायल भ्याक्सिन प्रदेश आपूर्ति केन्द्रहरूमा पुगिसकेको छ । सबैभन्दा बढी बागमती प्रदेशमा आपूर्ति गरिएको छ । बागमतीमा १० हजार ८० भायल रेविज विरुद्धको खोप आपूर्ति भएको छ भने सर्पदंश विरुद्धको एक हजार भायल भेनम आपूर्ति भएको छ । यसैगरी, सर्पदंशका बढी समस्या आउने मधेस प्रदेशमा सर्पदंश विरुद्धको भेनम सबैभन्दा बढी दुई हजार पाँच सय तथा रेविज विरुद्धको खोप करिब पाँच हजार भायल आर्पूति गरिएको छ ।

मागका आधारमा अन्य प्रदेशमा भ्याक्सिन तथा भेनम आपूर्ति गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए । विभागले हाल आपूर्ति भएका अतिरिक्त दुई महिनाभित्र हालको आपूर्तिको चार गुणा बढी आपूर्ति हुने गरी व्यवस्था मिलाएको विवरण जनाएको छ ।

# पोखरामा भेटियो हायु परिवार

**नविन श्रेष्ठ / मध्यान्ह**
सिन्धुली, १२ साउन

सिन्धुलीको गोलन्जोर गाउँपालिका ६ का एकै परिवारका १६ जना पोखरामा भेटिएका छन् ।

उर्मिला हायुका सबै सदस्यहरु गगनगौंडामा फेला परेका प्रहरीले जनाएको छ । उनीहरूलाई पोखराको माथिल्लो गौँडगौडा क्षेत्रबाट प्रहरीले नियन्त्रणमा लिएको हो । कास्कीका प्रहरी प्रमुख (एसपी) श्यामबाबु ओलियाका अनुसार, पक्राउ परेका १६ जनाले आफूहरू मजदुरी गर्न पोखरा आएको बताएका छन् ।

उनीहरू गौँडगौडाका स्थानीय सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा बसिरहेको अवस्थामा फेला परेका हुन् । उनीहरू पोखरामा बस्ने योजनासहित नै पुगेको देखिएको प्रहरीको सोधपुछका क्रममा खुलेको छ । सिन्धुलीबाट गाडी रिजर्भ गरेर उनीहरू पोखरा पुगेका थिए । पोखरा पुगेपछि एक दिन होटलमा



बसेका उनीहरू आइतबार मात्र होटलबाट चेकआउट गरी स्थानीयको घरमा बस्न गएका थिए ।

राज्यले दिने भत्ता वापतको रकम वडा कार्यालयबाट ५ दिन अघि बुझेका उर्मिलासहित उनको १८ जनाको परिवारमध्ये १६ हराएपछि प्रहरीले अनुसन्धान सुरू गरेको थियो । उनीहरू हराएको सूचना प्राएपछि सोमबार बिहानदेखि जिल्ला प्रहरी कार्यालय सिन्धुलीको प्रहरी टोली, जनप्रतिनिधिसहित स्थानीयले उनीहरूको खोजी गरेका थिए ।

साउन ८ गते बिहीबार स्थानीय निकायले लोपोन्मुख हायु समुदायले पाउने भत्ता बापतको रकम वितरण गर्दा उर्मिला हायु र उनका ६ छोरा, ६ छोरीसहित १६ जनाले ४ हजारको दरले ३ महिनाको भत्ता रकम बुझेको गोलन्जोर गाउँपालिका वडा नम्बर-६ वडाध्यक्ष शंकरराज बरालले जानकारी दिए ।

भत्ता बुझेपछि उनीहरूले घरमै सुँगुरको मासु खाएर केही मासुसमेत छाडेर हिँडेका थिए । ‘बैंकहरू कहिलेकही ऋण उठाउन घरमै आउने गरेका थिए’, अध्यक्ष बरालले भने ‘किचनका लागि बनाइएको टहरोमा आगो लागेको छ भने बस्ने घर सग्लो छ ।’ हायुका छिमेकी टाढा छन् । तीन दिनदेखि हायु परिवारले पालेका बस्तुलाई घाँससपानी नदिएको पाइएपछि उनको अवस्था बुझ्न गाउँलेहरू आयुको घर पुगेका थिए । घर पुग्दा कोही पनि नदेखेपछि स्थानीयले जनप्रतिनिधि र प्रहरीलाई खबर गरेका थिए । सोही सूचनाको आधारमा प्रहरी टोलीले हायुको घरमा पुगेर अनुसन्धान अघि बढाएको थियो ।

## भूमि...

दिलेन्द्रप्रसाद बडूका अनुसार सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीको विषय एकै प्रकृतिको विषय होइन । यसकारण सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीलाई अलग-अलग राखेर ऐन बनाउनुपर्ने कांग्रेसको संशोधन प्रस्ताव छ ।

सांसद बडू भन्छन्, ‘अव्यवस्थित बसोवासीसँग बसिरहेको जग्गा हुन्छ । भूमिहीनसँग जग्गा हुँदैन । यसकारण यी दुई फरक विषय हुन् । यसकारण दुवै एकै हुन जस्तो गरी ऐन बनाए दुरुपयोग हुन सक्छ ।’ यस अवस्थालाई मिलाएर ऐन बनाउनुपर्ने कांग्रेसको अडान छ ।

## प्रहरीमा...

अत्यधिक बढी छ । अर्को कारण उनीहरू ऋणमा परेको देखिन्छ । कतिपय प्रहरीहरू जागिरमा प्रवेश गर्दा जुन सोचकासाथ आएका हुन्छन् । भित्रको वास्तविकता उनीहरूले सोचेअनुरूप नपाएपछि राजीनामा दिने गरेको पाइएको छ ।’

४० प्रतिशतभन्दा बढी प्रहरीले दैनिक १४ घण्टा बढी ड्युटी गर्नुपर्ने अवस्था रहेको मल्लले बताए । त्यस्तै, जागिर छाड्नेमध्ये ६० प्रतिशत व्यक्तिगत तथा पारिवारिक ऋणमा देखिएकाले उनीहरूमा आर्थिक समस्या देखापरेको मल्लको भनाइ छ ।

राज्यका मुख्य सुरक्षाका लागि खटाइएका प्रहरी नै सेवाप्रति वितृष्णा जाहेर गर्दै जागिर छाड्ने विषय गम्भीर भएकाले सरकारले यस विषयमा सोच्नुपर्ने सुरक्षा विज्ञ बताउँछन् । बढी ड्युटीकै कारण जागिर छाड्नुपर्ने अवस्था रहेकाले यसमा प्रविधिबाट ड्युटीको व्यवस्थापन गर्न सकिने पूर्वडीआईजी मल्लले सरकारलाई सुझाव दिए । ‘संख्या थपेर मात्रै यो समस्या घट्दैन,’ उनले भने, ‘अघिल्लो वर्ष खाली भएकाहरूका ठाउँमा अहिले भर्ना लिएकाहरू तालिममा छन् । सरकारले कम खर्चमा पनि प्रविधिबाट ड्युटीको व्यवस्था मिलाउने विषयमा सोच्नैपर्छ अनि मात्रै केही समस्या समाधान हुन्छ ।’

दुई वर्ष अघिदेखि खाली भएकाहरूको ड्युटी पनि अहिलेकै जनशक्तिमा थपिने गर्दा प्रहरी कर्मचारी मारमा परेको नेपाल प्रहरीका प्रवक्ता घिमिरेले बताए । प्रत्येक वर्ष राजीनामा दिनेहरूको संख्या बढ्दै जाने र नयाँ भर्ना गरेकाहरूको तालिम अवधि सकिँदा डेढ, दुई वर्ष लाग्ने भएकाले मैज्दात जनशक्तिबाटै सुरक्षा व्यवस्था गर्नुपरेको उनको भनाइ छ । यसले ड्युटी समय स्वाभाविक बढ्ने घिमिरेले बताए । प्रहरीले दिएको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा २ हजार ३ सय ६९ जनाले राजीना दिएका छन् भने ५ सय २३ अनिवार्य अवकाश लिएका छन् । त्यस्तै, नयाँ नियुक्ति २ हजार ७ सय १७, बढुवा ७ हजार ४ सय र २१ हजार २ सय २४ जान प्रहरी कर्मचारी सरुवा भएका छन् । प्रहरीमा सरुवा, बढुवा, वृत्तिविकासलगायतमा देखिएको असन्तुष्टिले राजीनामा प्रहरी कर्मचारीको राजीनामा आउने गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । कतिपय प्रहरी वैदेशिक रोजगारीमा आकर्षक तलब पाएर पनि सेवाबाट अलग हुने गरेको समेत पाइएको प्रहरी प्रवक्ता घिमिरेले बताए ।

## श्रम...

अवधारणाअनुसार उक्त समस्याको समाधान खोजेको पनि दाबी गरे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. श्रेष्ठले श्रम मन्त्रालयले रोजगारदाता र श्रमिकबीच परम्परागतरूपमा रहेको दूरी घटाउन एप्समार्फत महत्वपूर्ण कदम चालेको टिप्पणी गरे ।

## सयको...

प्रशासनिक उपाय अवलम्बन गरी तत्काल व्यवसायीहरूलाई राहत दिन आग्रह गरेको मञ्चका अध्यक्ष जनक रावलले बताए ।

गत आर्थिक वर्ष सय जना कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको विगत १२ दिनदेखि कारोबार बन्द हुँदा ती कम्पनीमार्फत आएका हजारौं भिसा रद्द भएका छन् ।

भेटमा प्रमुख सल्लाहकार रिमालले मञ्चले उठाएका सरोकारको विषयको गम्भीरतालाई नजिकबाट बुझिएको र सम्बन्धित निकायमार्फत यथोचित पहल गर्ने आश्वासन दिएको पनि अध्यक्ष रावलले जानकारी दिए ।

मञ्चले संघीय संसद्बाट भएको वैदेशिक रोजगार ऐनको व्यवस्था पूर्णरूपमा कार्यान्वयन नहुन्जेलसम्म करिब ४ सय ३८ वटा वैदेशिक रोजगार व्यवसायी संस्थाहरू इजाजतपत्र नवीकरण प्रक्रियाको अन्योलमा परेको र त्यसमध्ये करिब ७० प्रतिशत नेकपा एमाले समर्थित व्यवसायीहरू रहेको बताएको छ ।

प्रधानमन्त्रीको कार्यालयबाट वैदेशिक रोजगार क्षेत्रप्रति देखाउँदै आएको संवेदनशीलता, समझदारी र सकारात्मक भूमिका श्रमिक तथा व्यवसायी दुवैका हितमा रहेको भन्दै मञ्चले तत्काल ऐनको दफा ८२ अन्तर्गत बाधा अड्काउमार्फत राहत दिनुपर्ने माग पनि गरिएको अध्यक्ष रावलले जानकारी दिए ।

## देशभर...

ठाउँमा लामखुट्टे फैलिने सम्भावना बढी हुन्छ,’ उनले भने, ‘मधेशमा पानी परेको छैन, तापक्रम उच्च छ, त्यसकारण त्यहाँ लामखुट्टे कम छन् र डेंगुको संक्रमण पनि न्यून छ ।’

प्रदेशगत रूपमा सबैभन्दा बढी संक्रमण गण्डकी प्रदेशमा रहेको इपिडिमियोलोजी महाशाखाले जनाएको छ । महाशाखाका अनुसार सात महिनाको अवधिमा गण्डकीमा ६ सय ५९ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । बाग्मतीमा ५ सय ३ जनामा संक्रमण भएको छ भने कोशीमा ४ सय ९, लुम्बिनीमा ३ सय ७५, सुदूरपश्चिममा २ सय ८०, कर्णालीमा ४६ जना र मधेशमा ३८ जनामा डेंगु संक्रमण देखिएको छ ।

मनसुनको समयमा डेंगु संक्रमण बढ्ने गरेको सरुवा रोग विशेषज्ञ शेरबहादुर पुन बताउँछन् । ‘पानी पर्दै रोकिँदै गर्‍यो भने लामखुट्टे बढ्ने सम्भावना बढी हुन्छ । पानी पर्‍यो । त्यसपछि २ सातासम्म पानी परेन भने जमेको पानी बग्न पाउँदैन । यस्तोमा लामखुट्टेको वृद्धिविकास छिटो हुन्छ र बाहिरी सतहमा देखिन थाल्छ,’ उनले भने ।

लामखुट्टे बाहिरी सतहमा देखिन थालेपछि डेंगु संक्रमण बढ्न सक्ने उनको भनाइ छ । एक वर्षभन्दा मुनिका बालबालिका र ६० वर्षमाथिका वृद्धवृद्धा, मोटोपन भएका व्यक्ति, गर्भवती महिला, पेप्टिक अल्सर भएकाहरू, दीर्घ रोगीलगायत स्टेरोइड, पेनकिलर आदि प्रयोग गरिरहेकाहरू रोगीमा डेंगु उच्च जोखिममा पर्ने गरेको डा. पुनको भनाइ छ ।

डेंगु संक्रमण बढ्न नदिन घर परिपरिका खाडलमा पानी जम्न दिन नहुने उनी बताउँछन् । यसका साथै डेंगुको संक्रमणबाट बच्न आसपासका झाडी फँडानी गर्न उनको सुझाव छ ।

# नवनिर्मित शिवालय मन्दिरको उद्घाटन

**अर्घाखाँची / मस–**अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१ फुलवारीमा निर्माण सम्पन्न भएको शिवालय मन्दिरको उद्घाटन गरिएको छ । विशेष समारोहकाबीच नगरप्रमुख झविलाल थापाले मन्दिरको औपचारिक उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख थापाले फुलवारी क्षेत्रलाई धार्मिक तथा पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने योजनाका साथ विभिन्न पूर्वाधार निर्माण कार्य अघि बढाइएको जानकारी दिए । उनले सुपादेउराली दर्शनमा आउने पर्यटकलाई सेङलेङ दह, पाथीभरा मन्दिर, मृगस्थली झरना, मसिनाका लेक हुँदै ढाकावाङ्गस्थित भूमे मन्दिरसम्म पुर्‍याउने धार्मिक मार्ग निर्माणको योजना अघि सारिएको उल्लेख गरे ।

थापाले स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन पूर्वाधार विकास, कृषि परामर्श सेवा विस्तार, सहकारीहरूको सशक्तिकरण र स्थानीय उद्यमशीलताको प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको बताए । साथै, पिपलनेटा बजारदेखि फुलवारीसम्मको सडक खण्ड कालोपत्रे गर्ने प्रक्रिया अगाडि बढेको र यसले विकासको गति थप तेज बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा वडाध्यक्ष गोपाल प्रसाद खनालले फुलवारी क्षेत्रलाई धार्मिक तथा पर्यटकीय दृष्टिले संरक्षण गर्नु आवश्यक रहेको बताउँदै भूमिकास्थान नगरपालिकाले भौतिक विकासका सूचकहरूमा अन्य पालिकाहरूभन्दा राम्रो प्रगति गरेको धारणा व्यक्त गरे । उक्त उद्घाटन कार्यक्रममा भूमिकास्थान-२ का वडाध्यक्ष बुद्धिबहादुर थापा, नगर कार्यपालिकाका सदस्य खुमा बेलवासे, स्थानीय जनप्रतिनिधि, कर्मचारी, आमा समूह तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रम बासुदेव गिरीको अध्यक्षता, प्रकाश भुसालको सञ्चालन तथा टेकप्रसाद बेलवासेको स्वागत मन्तव्य राखेका थिए ।

# जनशक्ति अभावले एक्स–रे मेसिन प्रयोगविहीन

**कञ्चनपुर / मस–** शुक्लाफाँटा नगरपालिका-४ स्थित पिपलाडी स्वास्थ्य चौकीमा जनशक्ति अभावका कारण एक्स-रे मेसिन प्रयोगविहीन भएको छ ।

झन्डै छ वर्षअघि सुदूरपश्चिम प्रदेश सरकारले उपलब्ध गराएको एक्स-रे मेसिन सञ्चालन गर्ने दक्ष प्राविधिक जनशक्ति नहुँदा सञ्चालनमा आउन नसकेको हो । स्वास्थ्य चौकीमा रहेको एक्स-रे मेसिन सञ्चालनमा नआउँदा बिरामीहरुले निजी स्वास्थ्य संस्थामा चर्को शुःल्क तिर्न बाध्य छन् ।

‘एक्स-रे मेसिनमा प्रिन्ट गर्ने मेसिन जडान गर्नुपर्नेमा त्यो थिएन, गत वर्ष मात्रै खरिद गरेर ल्याएका छौँ’ स्वास्थ्य चौकीका प्रमुख दुर्गादत्त भट्टले भने, ‘डार्क रुमको व्यवस्थापन गर्न लागेका छौँ, सेवा सञ्चालनका लागि ‘रेडियोलोजिष्ट’नै चाहिन्छ ।’

नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले एक्स-रे मेसिन सञ्चालन गर्नका लागि नायब सुब्बा स्तरको रेडियोलोजिष्ट दक्ष प्राविधिक जनशक्ति चाहिने उनले बताए ।

**गोलिया काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०४/१३ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम सहमति ईजाजत अनुसार समूहको घाटगद्धीमा राखिएको सिसौं वृक्षारोपण लगायतको जातको गोलिया थान ८२८ को १९७८.५६ घ.फि. काठ र सिसौं वृक्षारोपण लगायतको जातको ५.०० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सो ही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यससम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचनापाटीमा टाँस गरिएको छ ।

**कुश्मिनिया सा.व.उ.स, मधुवन–२, बर्दिया**

**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

**भुल सुधार गरिएको सम्बन्धमा**

**प्रकाशित मिति–२०८२/०४/१३**

मिति २०८२/०४/१२ मा यस मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचनामा क्र सं. १ को विज्ञापन नं. ३/२०८२/८३ हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

# स्वास्थ्य क्षेत्रमा सुधारका लागि थप लगानी आवश्यक : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले वीर अस्पताल सुधार भए समग्र स्वास्थ्य सेवा क्षेत्रको सुधार गर्न सकिने बताएका छन् ।

सोमबार वीर अस्पतालको १३६ औं वार्षिकोत्सव समारोहमा उनले उक्त अस्पताललाई सुधार्न राज्यले सबै सुधारका प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री पौडेलले भने, 'नेपालको स्वास्थ्य क्षेत्रको तस्बिर वीर अस्पताल हेरे पुग्छ । वीरलाई सुधार्न सकियो भने मात्र स्वास्थ्य क्षेत्रको सुधार हुनेछ । त्यसैले यहाँ आवश्यक उपकरणलगायत पूर्वाधार उपलब्ध गराउन मन्त्रालयले हदैसम्मको प्रयास गर्नेछ ।' उनले नेपालको स्वास्थ्य क्षेत्रमा धेरै सुधार गर्नुपर्ने भन्दै त्यसका लागि थप लगानी आवश्यक रहेको बताए । 'स्वास्थ्य क्षेत्र सुधार नभएको होइन, तर पूर्ण रूपमा सुधार हुन सकेको छैन । त्यसैले यसमा सबै गम्भीर बन्नुपर्छ', पौडेलले भने । उनले भदौ महिनासम्म सबै अस्पतालको स्वास्थ्य बीमा रकम फरफारक गर्ने प्रयास भइरहेको जानकारी दिए ।




अस्पतालका निर्देशक प्रा.डा दिलीप शर्माले अस्पतालको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गर्दै बहिरङ्ग सेवा (नयाँ तथा पुरानो) अनलाइनमा समेत गरी छ लाख ४७ हजार २१५ जना, आकस्मिक सेवा ३५ हजार १४१ र अन्तरङ्ग सेवा २१ हजार २२४, शल्यक्रिया सेवा २६ हजार ४४६ ले लिएको जानकारी गराए । अस्पतालमा दैनिक करिब दुई हजार ५०० सयभन्दा बढीले सेवा लिने गरेका उनले बताए ।

अस्पतालमा सघन उपचारका लागि बहु-विशिष्टिकृत ७२ सघन उपचार शय्या तथा ३८ 'हाइ-डिपेन्डेन्सी युनिट' रहेका छन् । डा.शर्माले वीर अस्पताल देशको गौरवका रूपमा रहेको बताउँदै यस संस्थालाई केन्द्रीय रिफरल तथा अध्ययन अनुसन्धानको केन्द्र बनाउन सबैको एकता तथा प्रतिबद्धता आवश्यक रहेको धारणा राखे । उनले भने, 'अत्यावश्यक शीर्षकमा वार्षिक बजेटको कमी, स्वास्थ्य बीमा बोर्डबाट समयमै सोधभर्ना नहुनु तथा बढ्दो कमचारी परिवर्तनका साथै प्राविधिक जनशक्तिको स्वीकृत दरबन्दीको कमीले अस्पतालमा चुनौती थपिएको छ ।'

विसं १९४६ साउन १२ गते स्थापना भएको यो अस्पताल १५ शय्याबाट सुरु भएकामा हाल स्वीकृत क्षमता ९६० रहेको छ । अस्पतालले हाल २२ वटा क्लिनिकल विभाग तथा तीन वटा क्लिनिकल युनिट (आँखा स्वास्थ्य, गाइनोकोलोजी, मानसिक रोग)मार्फत आधारभूत, विशेषज्ञ तथा अति विशिष्टिकृत सेवा प्रदान गर्दै आएको छ ।

# सरकारको स्वास्थ्य योजना किताबमै सीमित नहोस् : मुख्यमन्त्री आचार्य

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १२ साउन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले तयार पारेको 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजना' किताबमा सीमित हुन नहुने बताएका छन् ।

राप्ती उपत्यका देउखुरीमा सोमबार आयोजित कार्ययोजना सार्वजनिक कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको रणनीतिक योजना व्यवहारमा लागू गरेर जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए ।

'कागजमा मात्रै सीमित भएर कुनै अर्थ छैन,' कार्यक्रममा मुख्यमन्त्री आचार्यले भने, 'समीक्षा गर्दा हरेक सूचक तथ्यांकमा आधारित भएर गर्न जरुरी छ । जहाँ काम भएको छैन, त्यहाँ सुधार गर्नुपर्छ ।'

सामाजिक, मानसिक स्वास्थ्यलगायत सबै प्रकारका सचेतना अभियान गाउँबस्ती र विद्यालय तहसम्म पुऱ्याउन मुख्यमन्त्री आचार्यले अनुरोध गरे ।

मानसिक स्वास्थ्य रणनीति योजनाको कार्यान्वयनका लागि बहुसरोकारवाला पक्षको कार्यक्रम समुदाय केन्द्रित हुनुपर्नेमा मुख्यमन्त्री आचार्यको जोड छ ।

कार्यक्रममा स्वास्थ्यमन्त्री खेमबहादुर सारुले प्रदेश सरकार रणनीतिक योजना कार्यान्वयनमा अगाडि बढिसकेको जानकारी दिए । आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले मानसिक स्वास्थ्य परामर्श सेवा प्रभावकारी बनाउनेतर्फ अझ प्रयास गर्नुपर्ने आवश्यकता रहेको बताए ।

प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारीले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको आधार मान्नुपर्ने बताए । कार्यक्रममा स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ,



स्वीस सरकारका प्रतिनिधिका रूपमा प्रतिज्ञा सिम्खडा, सिएमसी नेपालका प्राविधिक निर्देशक डा.पशुपति महत, स्वास्थ्य सेवा निर्देशक रोशनलाल चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम लुम्बिनी प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालय र सिएमसी नेपालको आर्थिक तथा प्राविधिक साझेदारीमा आयोजना गरिएको थियो ।

## रणनीतिक कार्ययोजना सार्वजनिक

लुम्बिनी प्रदेश सरकारले 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) सार्वजनिक गरेको छ । प्रदेश सरकारको मन्त्रीपरिषद्बाट स्वीकृत गरी कार्ययोजना तयार पारी कार्यान्वयनमा लैजाने प्रदेशमा लुम्बिनी पहिलो भएको हो ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या दिनानुदिन गहिरिँदै गइरहेका बेला प्रदेश सरकारले दीर्घकालीन रणनीतिसहितको कार्ययोजना ल्याएको छ ।

राष्ट्रिय सर्वेक्षणअनुसार लुम्बिनी प्रदेशका १३ प्रतिशत जनताले जीवनकालमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्या भोगेका छन् भने हाल ५ दशमलव ४ प्रतिशतले यस्तो समस्या अनुभव गरिरहेका छन् । चिन्ता २२ प्रतिशत र डिप्रेसन १५ प्रतिशत यहाँका सर्वाधिक सामान्य मानसिक समस्या रहेको प्रक्षेपण गरिएको छ ।

त्यस्तै, सातै प्रदेशमध्ये लुम्बिनी प्रदेश आत्महत्या दरको हिसाबले तेस्रो स्थानमा पर्छ । प्रदेशमा प्रति १ लाख जनसंख्यामा २६ जनाले आत्महत्या गर्ने गरेका छन् । यसका साथै पछिल्ला तीन आर्थिक वर्षको तथ्यांकले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य सेवाको पहुँच र माग दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ ।

प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७-८० मा १७ हजार ७ सय ८८ जना लाभग्राहीले मानसिक स्वास्थ्य सेवा लिएका थिए । त्यसपछिको वर्ष २०८०/०८१ मा सेवा लिनेको संख्या दोब्बरभन्दा बढी बढेर ३५ हजार ४ सय ११ पुगेको थियो ।

हालै सम्पन्न आर्थिक वर्ष २०८१/०८२ मा भने सेवा लिनेको संख्या ३४ हजार ३८५ रहेको मन्त्रालयले जनाएको छ । यद्यपि अघिल्लो वर्षको तुलनामा केही कमी आए पनि पछिल्ला तीन वर्षको समग्र प्रवृत्तिले प्रदेशमा मानसिक स्वास्थ्यप्रति जनचेतना र सेवा उपयोगितामा विस्तार भइरहेको स्पष्ट संकेत गरेको देखिन्छ ।

कार्ययोजनाले मानसिक स्वास्थ्य सेवालाई समुदायमै पुऱ्याउने, मानव अधिकारको संरक्षण गर्ने, तथ्यमा आधारित सेवा प्रवाह गर्ने, र सरकारी, निजी तथा गैरसरकारी निकायबीच सहकार्य र समन्वय बढाउने लक्ष्य राखेको सिएमसी नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले जानकारी दिए ।

# सल्यानका दुई पालिकाबाट खसीबोका निकासीमा ५ करोड बढी आम्दानी



**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १२ साउन

आर्थिक वर्ष २०८१/०८२ मा सल्यान जिल्लाका दुई गाउँपालिकाबाट खसी-बोका निकासीबाट ५ करोड ३३ लाख ३१ हजार ४८४ रुपैयाँ बराबरको आम्दानी भएको छ । त्रिवेणी गाउँपालिकाबाट ३ करोड २६ लाख ४३ हजार ६०३ रुपैयाँ र दार्मा गाउँपालिकाबाट २ करोड ६ लाख ८७ हजार ८८४ रुपैयाँ मूल्य बराबरका खसी-बोका बिक्री गरिएको हो ।

यस्तै, दार्मा गाउँपालिकाबाट १ करोड ३७ लाख ५० हजार रुपैयाँ बराबरको दुध पनि निकासी गरिएको छ । दुध उत्पादनमा संलग्न ४१४ जना किसानले प्रोत्साहनस्वरूप अनुदान प्राप्त गरेका छन् ।

दुवै पालिकाले किसानलाई उत्पादनमा प्रोत्साहनस्वरूप अनुदान दिँदै आएका छन् । दुधमा प्रति लिटर ३ रुपैयाँ गाउँपालिकाबाट र ५ रुपैयाँ प्रदेश सरकारबाट गरी कुल ८ रुपैयाँको दरले अनुदान उपलब्ध गराइएको छ । त्यसैगरी, खसी-बोका बिक्रीमा त्रिवेणीले प्रति किलो २० रुपैयाँ र दार्माले २५ रुपैयाँका दरले अनुदान दिँदै आएको छ ।

यसका कारण किसान व्यवसायिक बाख्रापालनतर्फ आकर्षित भएका छन् । त्रिवेणी गाउँपालिकाको पशु विकास शाखाका प्रमुख वसन्त रावतका अनुसार, २०८१/०८२ मा न्यूनतम १०० किलो खसी बिक्री गर्ने ३०८ जना किसानलाई कुल १० लाख ८० हजार ९२० रुपैयाँ अनुदान प्रदान गरिएको छ ।

त्रिवेणी गाउँपालिकामा किसानहरूले विभिन्न सहकारीमार्फत खसी-बोका बिक्री गरिरहेका छन् । दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारीमा आबद्ध १२० किसानले १ करोड ४६ लाख १६ हजार ७८५ रुपैयाँ मूल्यका खसी बिक्री गर्दै ५ लाख २८ हजार २२० रुपैयाँ अनुदान पाएका छन् ।

नमुना सामाजिक उद्यमी महिला सहकारीका ७३ किसानले ७० लाख ४२ हजार १८४ रुपैयाँ बराबरको खसी बिक्री गर्दै २ लाख ३२ हजार १२० रुपैयाँ अनुदान पाएका छन् । उपहार सहकारीमा आबद्ध ६२ किसानले ७१ लाख ५२ हजार ४६४ रुपैयाँ मूल्य बराबरका खसी बिक्री गर्दै १ लाख ८७ हजार ४०० रुपैयाँ अनुदान प्राप्त गरेका छन् ।

यस्तै, त्रिवेणी पशुपालन व्यवसायी सहकारीमार्फत ५३ किसानले ३८ लाख ३२ हजार १७० रुपैयाँको खसी बिक्री गर्दै १ लाख ३९ हजार ८३९ रुपैयाँ अनुदान पाएका छन् ।

त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिमबहादुर रावतका अनुसार अनुदान कार्यक्रमले किसानलाई व्यवसायिक बाख्रापालनमा लाग्न प्रेरित गरेको छ । 'अनुदान दिँदा किसानको मनोबल मात्र होइन, आम्दानीसमेत बढेको छ,' उनले भने, 'सहकारीमार्फत खसी बिक्री गर्न सजिलो भएको छ ।'

त्रिवेणीको वडा नम्बर २, ४ र ५ लाई बाख्रा पकेट क्षेत्रको रूपमा विकास गरिएको छ । उता, दार्मा गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले पालिकाका ३ वडालाई पकेट क्षेत्र बनाइ व्यावसायिक बाख्रापालन प्रवर्द्धन गरिएको जानकारी दिए । 'हामीले सहकारी र समूहमार्फत बिक्री व्यवस्था मिलाएका छौं, जसले किसानलाई बजार खोज्न झन्झट हुन दिएको छैन,' उनले भने ।

पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानका प्रमुख गोविन्द महतका अनुसार सल्यान जिल्लाबाट हरेक वर्ष ३० हजार ५ सय संख्यामा खसी-बोका निकासी हुने गरेको छ । 'यहाँ उत्पादन हुने खसी-बोका देशका विभिन्न सहरमा पठाइन्छ,' उनले भने, 'यसले जिल्लाको पशुपालन क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।'

# संखुवासभा समाज कतारको नेतृत्वमा विरेन मादेन लिम्बू सर्वसम्मत



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ साउन

बिरेन मादेन लिम्बूको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमितिले शपथ लिएसँगै संखुवासभा समाज कतारको चौथो साधारण सभा सम्पन्न भएको छ ।

साधारण सभामार्फत समाजको वरिष्ठ उपाध्यक्षमा पदम प्रसाद सिम्खडा, प्रथम उपाध्यक्ष भवानी शंकर पौडेल, द्वितीय उपाध्यक्ष मान बहादुर तामाङ, महासचिव शिव कुमार खत्री, उप-महासचिव सञ्जय के.सी., सचिवद्वय उमेश सुबेदी, विक्रम निरौला, कोषाध्यक्ष प्रकाश लिम्बु, सह-कोषाध्यक्ष खड्ग बस्नेत रहेका छन् ।

साहित्य संयोजक राज कुमार सुवेदी, महिला संयोजक कृष्णा राई, रहेका छन् भने सदस्यहरूमा दीपेन्द्र कार्की, डम्बर अधिकारी,सञ्जीव तामाङ,टेक बहादुर कट्टुवाल,सञ्जीव कुमार श्रेष्ठ,विमला न्यौपाने,मीन कुमार कार्की,जीवन मते, गोविन्द मते,विद्या न्यौपाने,कविता राई मादेन,पवन लिम्बू,भीम बहादुर श्रेष्ठ,परशुराम सुवेदी र सन्तोष निरौला रहेका छन् । सभामा संस्थागत प्रगति प्रतिवेदन महासचिव पदम सिम्खडाले प्रस्तुत गरेका थिए भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष शिव खत्रीले प्रस्तुत गरेका थिए । महासचिव पदम प्रसाद सिम्खडाले सहजीकरण गरेको कार्यक्रमलाई संस्थागत रूपमा प्रथम उपाध्यक्ष बिरेन मादेनले स्वागत मन्तव्य राखेका थिए । यस्तै कार्यक्रमा संखुवासभामा प्रचलित मारुनी नृत्यमा सांस्कृतिक संयोजक खड्ग बस्नेत, कलाकारद्वय सृजना खनाल र ललिता बि.क.ले स्वागत नृत्य प्रस्तुत गरेका थिए । केही समय पहिले समाजले कतारमा भित्र्याएको पञ्चेबाजाले उपस्थितलाई नाच्न बाध्य पारेको थियो । कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको आतिथ्यतासहित शुभकामना मन्तव्य रहेको थियो । समाजका अध्यक्ष राजेन्द्र खनालको अध्यक्षता तथा कोशी समन्वय परिषद् कतारका अध्यक्ष पदम कुमार घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न सभामार्फत समाजका संरक्षकहरू, सल्लाहकारहरू, पूर्वकार्यसमिति, आजीवन सदस्य, मानार्थ सदस्य, समाजसेवी, पत्रकारहरू र कलाकारहरूलाई सम्मानसहित मायाको चिनोद्वारा सम्मान गरिएको थियो ।

# शितलपुरमा गर्भवती तथा सुत्केरीलाई पोसिलो आहार वितरण



**रौतहट/मस-** रौतहटको फतुवा बिजयपुर नगरपालिका-२ शितलपुरमा सोमबार गर्भवती तथा सुत्केरी महिलालाई पोसिलो आहार वितरण गरिएको छ । मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा शितलपुर स्वास्थ्य चौकीले पोषणयुक्त खाद्यान्न र झोला वितरण गरेको हो ।

स्वास्थ्य चौकी परिसरमा आयोजित कार्यक्रममा कार्यवाहक नगरप्रमुख अम्बेया खातुन, वडाध्यक्ष अनिरुद्ध यादव तथा स्वास्थ्य शाखा प्रमुख प्रमोद गुप्ताले महिलाहरुलाई पोसिलो आहारसहित झोला हस्तान्तरण गरे ।

कार्यक्रममा बोल्दै कार्यवाहक नगरप्रमुख खातुनले लक्षित समूह सेवाबाट कोही पनि बञ्चित नहोस् भनेर स्वास्थ्य सेवा सबैसम्म पुऱ्याउनुपर्नेमा जोड दिइन् । वडाध्यक्ष यादवले ग्रामीण भेगका महिलाहरू गर्भवती अवस्थामा पनि घरको काममा व्यस्त हुने भएकाले स्वास्थ्यप्रति पर्याप्त ध्यान नदिने बताए । यस्तो अवस्थामा सुत्केरी समयमा जटिलता आउन सक्ने भएकाले पोसिलो आहार अत्यावश्यक रहेको उनले उल्लेख गरे ।

सहायक स्वास्थ्य शाखा प्रमुख रमेश यादवका अनुसार, वडा नं. २ अन्तर्गतका गर्भवती तथा सुत्केरी महिलाहरूलाई ६ किलोको दरले पोसिलो आहार वितरण गरिएको हो । यस कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्य सुधारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# नक्कली सुन देखाएर ठगी गर्ने २ जना पक्राउ

**भक्तपुर/मस-** नक्कली सुन देखाइ ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मध्यपुर थिमी नगरपालिका-८ बोडे बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-५ घर भएका २८ वर्षीय बुद्धी बहादुर तामाङ र चाँगुनारायण नगरपालिका-८ सुडाल बस्ने नुवाकोट घर भएका २२ वर्षीय सुमन तामाङ रहेका छन् ।

नक्कली सुन देखाइ प्रति तोला १ लाख १० हजार रूपैयाँमा दिन्छु भनी प्रलोभनमा पारी २०८१ फागुन २५ गते सूर्यविनायक नगरपालिका-६ बस्ने ओखलढुङ्गा घर भएका पीडितलाई भक्तपुर इवामोरा चोक नजिक बोलाई उनको साथबाट १२ लाख रूपैयाँ र २०८२ जेठ २७ गते भक्तपुर राधे राधे बस्ने दोलखा घर भएका पीडितलाई भक्तपुर पान्डुबजार नजिक बोलाई ९ लाख ५० हजार रूपैयाँ लिइ फरार भएको घटनाको अनुसन्धान गर्ने क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान शाखा कार्यालय भक्तपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

**VACANCY ANNOUNCEMENT**

One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicant.

Public Relation Officer (PRO) - 3 Female

Salary Negotiable

Requirements:-
- Minimum 2 Years Experienced in Related Fields.

Send Your CV at Spmoverseas@gmail.com

S. P. M. OVERSEAS PVT. LTD. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01- 4587837,4589795
Web.: www.spmoverseas.com

**साउदीमा रोजगार**

कम्पनी: NINE PLUS TRADING COMPANY — शहर : Riyadh
पूर्व स्वीकृत मिति : २०८२/०४/१२ — चलानी नं.: ६०२४१८२० — LT. No.: 327958

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: Secret of Happiness Trading Establishment — शहर : DAMMAM
पूर्व स्वीकृत मिति : २०८२/०४/१२ — चलानी नं.: ६०२४१८१९ — LT. No.: 327957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: Maalem Al Taawun Trading Establishment — शहर : RIYADH
पूर्व स्वीकृत मिति : २०८२/०४/१२ — चलानी नं.: ६०२४१८१८ — LT. No.: 327956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २० गते (5 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Metta International Pvt. Ltd. श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, सम्पर्क नं.: ४११११२६९, ४११११२६७, ९८४८६९७३९५ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/१०/२१ मा दर्ता भएको **प्रा. लि. नं. २०८०५१** को **समय भ्याल नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**पहिलो पटक प्रकाशित मिति: २०८२/०४/१३**

**राइजिङ हाइड्रोपावर कम्पनी** को मिति २०८१/१२/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **टेनेक्स हाइड्रो होल्डिङ (दर्ता नं. ३८६४५)** कायम गर्ने गरी मिति २०८२/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit**
**Joshipur, Kailali**

**Notice of Invitation for Re-Bid**

**First Date of Publication: 6th July, 2025**
**Second Date of Publication: 29th July, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**

1. ***Joshipur Rural Municipality, Project Implementation Unit Joshipur, Kailali*** *re*-invites electronics bid only from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-484026-CW- RFB. | Construction of Pataopur Water Supply Project in Joshipur Rural Municipality, Kailali. | 29,40,000/- | 10,000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable. |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Project Implementation Unit Joshipur, Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

मध्यान्ह
www.madhyanhadaily.com
१३ साउन २०८२ मंगलबार
29 July 2025, Tuesday

## सम्पादकीय

# प्रहरी अनुहारमा आमनेपालीको चित्र

नेपाल प्रहरी नागरिक सुरक्षामा खटिने सबैभन्दा नजिकको सुरक्षा दस्ता हो । जसमाथि राज्यको ठुलो लगानी छ । तर त्यही सुरक्षा दस्ता कति उत्साही छ भन्ने पछिल्लो एक वर्षमा प्रहरी कर्मचारीले दिएको राजीनामाको तथ्यांकले प्रस्ट पार्छ । नेपाल प्रहरीले हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदनअनुसार एक वर्षमा २ हजार ३ सय ६९ जना प्रहरीले राजीनामा दिएका छन् । राजीनामा दिनेमा अधिकांश हवलदार र जवान छन् । यसको कारण के होला ! खोज्दै जाँदा प्रहरीको अनुहारमा आमनेपालीको चित्र भेटिन्छ ।

प्रहरी सेवामा प्रवेश गर्दा अधिकांश कर्मचारीमा उत्साह हुन्छ । जब सेवामा प्रवेश गर्छ तब सोचेजस्तो हुँदैन । यसको प्रमुख कारण हो– आर्थिक अवस्था । राजीनामा दिनेमध्ये अधिकांश तल्लो दर्जाका कर्मचारी हुनुले पनि आर्थिक कारणलाई बलियो प्रमाणको रूपमा लिन सकिन्छ । त्यसैले प्रायः प्रहरी अधिकारीहरू राजीनामा दिएर वैदेशिक रोजगारीमा जाने गरेका छन् । केही प्रहरी कर्मचारी भने नेपालमै अन्य पेसा/व्यवसायमा पनि छन् । राजीनामा दिएकामध्ये ठुलो संख्या बिदेसिएको तथ्यांकले 'सरकारी सेवाप्रतिको घट्दो आकर्षण र आर्थिक अवस्था'लाई उजागर गर्दछ ।

प्रहरी अधिकारीका अनुसार राजीनामा दिनुको प्रमुख कारण पर्याप्त सेवासुविधा नै हो । प्रहरी सेवाभन्दा अन्यन्त्र वा वैदेशिक रोजगारीमा सेवासुविधाको राम्रो अवसर पाउनु पनि राजीनामाको अर्को कारण हो । प्रहरी संगठनमा हुने सरूवा र बढुवामा राजनीति हावी हुने र लामो समयसम्म बढुवा रोकिनुलगायत समस्याले समेत प्रहरी सेवाप्रति उत्साह कम देखिन्छ । सरकारले जिम्मा लिएको सुरक्षा संयन्त्रभित्रको अवस्था त यस्तो छ भने अन्य सरकारी सेवामा रहनेको अवस्था कस्तो होला !

प्रहरी संगठनभित्रको अवस्था र प्रहरी कर्मचारीको राजीनामा एउटा उदाहरण मात्रै हो । जो ओभरटाइम काम गर्न बाध्य छ, तथापि सहज जीवन चलाउन सकिरहेको हुँदैन । अधिकांश क्षेत्रमा राजनीतिक आस्था र दाउपेचमा अवसरको बाँडफाँट गर्ने प्रवृति व्याप्त हुँदा मुलुकको अर्थतन्त्र पनि कमजोर बनाएको छ । मुलुकले आर्थिक उन्नति गर्न नसक्दा आमनेपालीमा देखिएको नैराश्यताको चित्र प्रहरी कर्मचारीकै अनुहारमा पनि देखिन्छ । मुलुकको मुहार फेर्ने हाँक दिइरहेका राजनीतिक नेतृत्वले वास्तविक अवस्था बुझ्न ढिला भइसक्यो । अझै ढिला गर्ने हो भने अवस्था थप भयावह बन्न सक्छ ।

# आयरल्यान्डबाट सिक्नुपर्ने पाठ

*नेपालले कहिल्यै उपनिवेश भोगेन तर दुर्भाग्य के छ भने स्वतन्त्रताका साथ आएको उत्तरदायित्व लिने क्षमता पनि देखाउन सकेन...*

अग्रलेख



● रामहरि चौलागाईं

संसारका कतिपय राष्ट्रहरूको इतिहास पीडादायक हुन्छ । आयरल्यान्डको कथा मात्र पीडा होइन, त्यस पीडालाई पार गर्दै लेखिएको समृद्धिको गाथा हो । सन् १८४५ देखि १८५२ सम्मको 'ग्रेट फमिन'ले लाखौं आइरिसलाई भोकले मर्न बाध्य बनायो, आयरिस समाजको अस्तित्व नै संकटमा परेको थियो । त्यसबेला 'लेट ब्लाइट' नामको रोगले मुख्य आहार मानिएको आलु नै नष्ट गऱ्यो । त्यसमाथि बेलायती उपनिवेशवादी शासनको उदासीनताले संकटलाई भयानक बनायो । भोक, व्यथा र विस्थापन, भोकमरीको कारणले गर्दा झन्डै १० लाख मानिसको मृत्यु भएको थियो । २० लाखभन्दा बढी अमेरिका, क्यानडा, अस्ट्रेलियातर्फ आप्रवासी बनेका थिए ।

त्यो बेलामा आयरल्यान्डको जनजीवन निकै दयनीय थियो । सानो जमिन भाडामा लिएर कठोर श्रम गर्नुपर्थ्यो । खानेकुरामा उमालेको आलु, थोरै दूध र कहिलेकाहीँ माछा थियो । सफा पानी र शिक्षा स्वास्थ्य प्रायः शून्य नै थियो । खाद्यान्नको चरम संकट भोग्नुपरेको थियो । त्यसैबेला जन्मियो आयरिश डायस्पोरा, आजको विश्वव्यापी आयरिश समुदाय ।



सन् १९२२ मा आयरल्यान्डले बेलायती उपनिवेशबाट स्वतन्त्रता त प्राप्त गऱ्यो, तर प्रारम्भिक दशकहरू कृषि प्रधान, संरक्षणवादी अर्थतन्त्रले गर्दा अघि बढ्न सकेन । सन् १९८० को दशकसम्म आयरल्यान्डमा गरिबी, बेरोजगारी र दोहोरिएको आप्रवासन चक्र चलिरह्यो । आयरल्यान्डलाई युरोपको गरिब देशको ट्याग झुन्ड्याइएको थियो । तर, १९९० को दशकपछि आयरल्यान्डमा आश्चर्यजनक परिवर्तन आयो, जुन इतिहासमा केल्तिक टिगेरको रूपमा चिनिन्छ । यो चमत्कार केही विशेष निर्णय र दूर दृष्टिको परिणाम थियो । १९६० को दशकदेखि शिक्षामा आमूल सुधार भएपनि आयरल्यान्डले विशेषगरी विज्ञान, प्रविधि र भाषा शिक्षामा जोड दियो । बहुराष्ट्रिय कम्पनीहरूलाई आकर्षित गर्ने नीतिका कारण एप्पल, गुगल, अप्ले, फेसबुक जस्ता कम्पनीहरूको युरोपियन मुख्यालय आयरल्यान्डमा स्थापना भए । संरचनागत सुधारका लागि युरोपेली संघबाट अनुदान र प्राविधिक सहयोग जुटाउन सफल भयो । उच्च दक्ष श्रम शक्ति र उद्यमशील नीतिहरूको फाइदा उठाइयो । जसको परिणामस्वरूप आयरल्यान्डमा आइटी फार्मास्युटिकल र सेवा क्षेत्रमा ठूलो विकास भयो । सामाजिक र सांस्कृतिक रूपान्तरण आर्थिक समृद्धिले मात्र होइन, आयरल्यान्डले सामाजिक मोर्चामा पनि क्रान्तिकारी परिवर्तन देखायो । महिला अधिकार र समावेशी समाज निर्माणमा उल्लेखनीय सुधार भयो ।

बिदेसिएका आप्रवासीहरू फर्कन थाले, देशभित्र आत्मविश्वास बढ्यो । आजको आयरल्यान्डले युरोपमा प्रेरणादायी नमुना बनाउँदै आफ्नो परिचय नै फेरेको छ । आयरल्यान्ड जिडिपीप्रति व्यक्ति युरोपकै उच्च मध्येमा पर्दछ भने मानव विकास सूचकांकमा पनि उच्च श्रेणीमा पर्दछ । विदेशी लगानीमा निरन्तर वृद्धि भएको पाइन्छ, विशेषगरी प्रविधि, जैव प्रविधि र वित्त क्षेत्रमा । शिक्षा र स्वास्थ्य सेवा किफायती वा निःशुल्क सेवाको अवस्था छ । हरित ऊर्जा, नवप्रवर्तन र दिगो कृषिमा नेतृत्वदायी भूमिकाले गर्दा आज आयरल्यान्ड युरोपको अग्रपंक्तिमा गनिन्छ । कोभिड १९पछि समेत देशको तीव्र गति अगाडी बढेको देखिन्छ ।

इतिहासले सिकाएको पाठ, आयरल्यान्डको रूपान्तरण युरोपका साना, संघर्षरत राष्ट्रहरूका लागि मात्र होइन, सारा विश्वका लागि एउटा प्रेरणाको स्रोत हो । शिक्षामा लगानी, दूर दृष्टियुक्त नीति, नवप्रवर्तनमैत्री सोच र

> *आयरल्यान्डको रूपान्तरण युरोपका साना, संघर्षरत राष्ट्रहरूका लागि मात्र होइन, सारा विश्वका लागि एउटा प्रेरणाको स्रोत हो । शिक्षामा लगानी, दूर दृष्टियुक्त नीति, नवप्रवर्तनमैत्री सोच र सामाजिक समावेशिताको संयोजनले एउटा मुलुकलाई कस्तो परिवर्तन दिलाउन सक्छ भन्ने उत्कृष्ट उदाहरण हो आयरल्यान्ड...*

सामाजिक समावेशिताको संयोजनले एउटा मुलुकलाई कस्तो परिवर्तन दिलाउन सक्छ भन्ने उत्कृष्ट उदाहरण हो आयरल्यान्ड । कुनै समय भोक, उपेक्षा र विस्थापनले थिचेको आयरल्यान्ड आज युरोपको समृद्धि र स्थायित्वको प्रतीक बनेको छ । इतिहास बाधा होइन, प्रेरणा बन्न सक्छ ।

आयरल्यान्डको विकास सजिलो थिएन, तर केही कुराले तेस्रो विश्वका धेरै देशभन्दा फरक मोड लियो । आयरल्यान्डले शिक्षा र मानव पुँजीलाई निकै महत्व दियो । सन् १९६० देखि नै आयरल्यान्डले गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली विकास गरेको थियो । विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याएर चमत्कार गऱ्यो । नेपालमा शिक्षामा लगानी भए पनि त्यसको गुणस्तर, रोजगारको अवसरसँगको मेल र राज्यको प्रतिबद्धता सधैँ कमजोर रह्यो ।

आयरल्यान्डले सन् १९९० पछि बहुराष्ट्रिय कम्पनीहरूलाई करमा छुट, प्राविधिक दक्षता र सहजीकरण दिएर आकर्षित गऱ्यो । जसको परिणामस्वरूप आयल्यान्डमा बहुराष्ट्रिय कम्पनीहरु आकर्षित भए । यसैगरी, आयरल्यान्डले सामाजिक उदारवाद, प्रविधिमा हाम फाल्ने साहस र युवा सशक्तीकरणलाई प्राथमिकता दियो । नेपालमा अझै पनि नातावाद, पहुँचवाद, जातीय तथा क्षेत्रीय विभाजन कायमै छ ।


नेपालले कहिल्यै उपनिवेश भोगेन, तर दुर्भाग्य के छ भने स्वतन्त्रताका साथ आएको उत्तरदायित्व लिने क्षमता देखाउन सकेन । सन् १९५० पछि शिक्षामा लगानी भयो, तर शिक्षाको लगानी बालुवामा पानी हाले जस्तो भयो । बेरोजगारी झन् बढ्यो । सन् १९९० पछि प्रजातन्त्र आयो, तर नीतिगत अस्पष्टता झन् गहिरियो । निजीकरणको नाममा देशका कलकारखाना कौडीका भाउमा बेचिए । नीति निर्माणमा अस्थिरता र अन्यौलता सधैँ रह्यो । सरकारहरू पटक-पटक फेरिए । योजनाहरू सुरु नहुँदै पुनरावलोकनमा परे । दातृ निकाय र लगानीकर्ताहरूको विश्वास जित्न सकेनन् । सन् २००८ पछि नेपालमा गणतन्त्र आयो, तर जनउत्तरदायी शासन प्रणाली आउन सकेन । राजनीतिक अस्थिरता, मिलीजुली सत्ता सञ्चालन र दलगत स्वार्थका कारण कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका सबैजसो पक्ष प्रभावहीन जस्तै बन्न पुगे । देशलाई कुनै बाह्य शक्तिले होइन, आफ्नै शासक वर्गले दबाएर, रोकाएर र छेकेर राखेको देखिन्छ । निर्णय लिन नसक्ने, कुनै नीतिमा निरन्तरता नगर्ने र जबाफदेही नहुने परिपाटी आम बनेको छ । हरेक सरकारले पुरानो योजनामा पुनरावलोकनको नाममा ढिलासुस्ती गर्ने, भिजनभन्दा नारा दिने, विश्वविद्यालयहरू डिग्री दिने कारखाना बने । तर, उत्पादन बेरोजगारहरू मात्र भए । नेपालमा नातावाद, परिवारवाद, पहुँचवाद, धनवाद, डनवाद र जातीय क्षेत्रीय वाद निर्णायक छन् । पढे लेखेका, स्वच्छ निस्कलंक व्यक्तिहरू ओझेलमा पर्छन् । अवसर सिर्जना गर्नुको साटो, सीमित स्रोतहरू आफ्ना लागि बाँड्ने प्रवृत्तिले राष्ट्रलाई कमजोर बनाएको छ । देशभित्र रोजगार नपाएपछि अधिकांश युवा शक्ति विदेश पलायन भएका छन् । गाउँ गाउँमा सरकार भनिए पनि वास्तविकता लुट र भ्रष्टाचारले गाँजिएको छ । संघीयता कार्यान्वयन भएको भनिए पनि साधन, स्रोत र अधिकार अझै केन्द्रमै सीमित छन् । स्थानीय तहमा पहुँच त पुगेको छ, तर प्रभावकारिता र जबाफदेहिताको गम्भीर अभाव छ । देशको अर्थतन्त्र वैदेशिक सहयोग र रेमिट्यान्समा भर परेको छ । खाद्यान्न, तरकारी, फलफूल जस्ता आधारभूत उपभोग्य सामग्रीसमेत आयात गर्नुपर्ने स्थिति छ । कृषिप्रधान देश भनिए पनि खेत बाँझा छन् र बेरोजगारी उच्च छ । सरकार छ, तर नागरिक असुरक्षित महसुस गर्छन् । शासकहरू सत्तामा कसरी टिक्ने भन्ने चासोमा केन्द्रित छन् । देश र जनताको दीर्घकालीन हिततर्फ उनीहरूको ध्यान छैन । योजनाहरू नारामा मात्र सीमित छन्, व्यवहारमा लागू हुने अवस्था दुर्लभ छ । यही हो, आयरल्यान्ड र नेपालको मुख्य अन्तर ।

आयरल्यान्डले पनि संघर्ष गऱ्यो, तर दूर दृष्टि र जबाफदेही नेतृत्वको कारण विकासको मार्गमा अगाडि बढ्यो । नेपालमा भने नेतृत्वको चरित्र परिवर्तन नहुँदासम्म, संघीयता, गणतन्त्र वा कुनै पनि प्रणालीले मात्र देश परिवर्तन गर्न सक्दैन । नेपालसँग स्रोत, साधन, जनशक्ति सबै छ, तर साहस र स्पष्ट दिशा छैन । यो लेख निराशाको होइन, चेतनाको आह्वान हो ।

**(सञ्चारकर्मीसमेत रहेका चौलागाईं, टेक्निकल युनिभर्सिटी सानन युरोपको अन्तर्राष्ट्रिय कानुन र समाज शास्त्रका अध्येता हुन् ।)**

## इतिहासमा आज


२९ जुलाई २००५ मा खगोलविद्हरूले बौना ग्रह एरिसको खोजको घोषणा गरेका थिए । यो प्लुटोभन्दा ठूलो र सूर्यबाट दोब्बर टाढा रहेको बरफको चट्टानी ग्रह हो ।



२९ जुलाई २०१० मा प्रजातान्त्रिक गणतन्त्र कंगोको बान्डुन्डु प्रान्तको कसाई नदीमा एक यात्रुवाहक डुङ्गा पल्टियो । जुन दुर्घटनामा ८० जनाको मृत्यु भएको थियो ।



२९ जुलाई २०१९ मा प्रतिद्वन्द्वी ब्राजिलियन लागूऔषध गिरोहहरू बिच अल्टामिरा जेलमा भएको हानाहानमा ६२ जनाको मृत्यु भएको थियो ।



२९ जुलाई २०२४ मा इङ्गल्याण्डको साउथपोर्टमा रहेको एक नृत्य स्टुडियोमा अज्ञात समूहले ३ बालबालिकाको छुरा प्रहार गरी हत्या गरे । जहाँ अन्य १० जना घाइते भएका थिए । यो घटनापछि बेलायतभरि विभिन्न जातीय दंगाहरू देखिएका थिए ।



# श्रावण, शिव र बागमती

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

> *साउन महिनाले मानिसलाई सत्कर्म, समर्पण र भक्ति मार्गमा प्रेरित गर्छ । पशुपतिनाथमा देखिने भीड र आस्थाको ज्वारभाटा यस कुराको सजीव प्रमाण हो– अझै पनि नेपाली समाजमा सनातन आस्थाले गहिरो स्थान ओगटेको छ...*

पर्वतेश्वरदेखि ईशानतिर तल गुह्येश्वरी अगाडि बागमती नदीभित्र जलेश्वर शिव लिङ्ग रहेको छ, बागमती गंगाबाट स्थापित हो यो । प्राचीन समयमा बागमती प्रदूषित हुँदै जाँदा आफ्नो शक्ति क्षीण भएको द्रव शक्तिमै प्रश्न आउने सम्भावना देखी आफूले स्त्रीको रूप लिई एक शिला स्थापना गरी, किनारामा बसी शिवको प्रार्थना गर्दै तप गर्न थालिन्, स्तुति गर्दै "हे रुद्र मेरो जल द्रव रूपलाई शुद्ध पारिदिनुस्" । बागमतीले स्त्री रूपमा लामो समय तप गरेको देखी जलबाट ज्योतिर्लिङ्ग स्वरूप दर्शन दिई शिवले भन्नुभएछ, "हे गंगे ! तिमीलाई ब्रह्मादि साह्रा देवहरूले आशीर्वाद दिएका छन्, म पनि भन्छु तिम्रो द्रव शक्ति कहिल्यै क्षीण नहोस्, महापापीहरू पनि यहाँको स्नानले पवित्र होउन्" ।

गंगाले भोलेनाथप्रति हात जोड्दै भनिन्, "हे प्राणनाथ ! मलाई कीट, पतङ्ग, पशु आदि र मानिसले पनि भनौं सबै प्राणीले मलमूत्र, बगाएर फोहोर गर्ने भए, ती सबै नरकगामी हुने भए, मैले त्यस्ता पापीहरूलाई कसरी पवित्र पारौँ, म आफैं अशुद्ध भएर, म मलिन छु, मलमूत्रको जीवनी छ मेरो, अतः हजुर मसँग रहनुस्, मेरो छालले हजुरको सेवा, स्नान गराउन पाउँ" ।

गंगाको कारुणिक वेदना सुनेर शिवले भन्नुभएछ, "तिमीले स्थापना गरेको शिव लिङ्गको नाम जलेश्वर रहनेछ, तिमी यहाँ रहुन्जेल मसँगै हुनेछु, जो भक्तहरूले तिल, जौ, कुशसहित संकल्प गरेर यहाँ स्नान गर्नेछन्, तिनलाई कुनै दूषित दोष लाग्ने छैन, सबैले पूर्ण र इच्छामुताबिक फल पाउनेछन्" । यति वरदान दिएर शिव त्यहीँ अन्तर्ध्यान हुनुभएछ । शिव मुखबाट वाग्द्वारदेखि बगेकी बागमती, उनको छालले हर समय शिवलाई स्नान गराउन पाउने वर पाएर निकै खुसी भइन् र गंगा रूपमा प्रवाहित भइन् । यसरी तमाम देव देवी र शिवबाट वरदान पाएकी बागमती संसारमै चोखी छिन्, पापनाशक छिन्, यी समान अरू नदी छैनन् ।

अघि एक महापापीले एक दिन गोहत्या गरेर मासु खायो, पापकै कारण दैत्य वाणासुरको पुत्र भएर जन्म्यो, जन्मँदै उसको ३ सिङ भएकाले उसको नाम त्रिशंकु रह्यो । पशुपति क्षेत्र घना जंगल सिकारकै क्रममा ऊ यस क्षेत्रमा आयो, प्राणीहरू वध गर्न थाल्यो । एक दिन बागमती स्नानमा रहेका देवताहरूमाथि नै वाण चलायो, देवताहरू भागाभाग गर्न थाले, तिर्खा लागेको उसले बागमतीको पानी पियो, पानीको पुण्यका प्रभावले उसलाई तुरुन्तै ज्ञान भयो शिव मन्त्र जप्दै आफ्ना वाण छोडेर मैले जीव घात गर्नु नहुने रहेछ भन्दै पश्चात्ताप गर्दै शिव प्रार्थना गर्न थाल्यो र भन्यो "मैले असंख्य पाप गरेँ, मेरो सबै पाप हे शिव नास गरिदेऊ" । त्यहीँ बसेर उसले १ वर्ष तप गर्दा कार्तिक शुक्ल अष्टमीका दिन श्री शिवले उसलाई दर्शन दिई "अब तिम्रा दुःख सकिए, तिमी मेरा अनुचर हुनेछौं, म प्रसन्न भएँ" । यति आशीर्वाद दिई शिव त्यहीँ अन्तर्ध्यान हुनुभयो, पछि शिव गणहरू आई उसलाई कैलाश लगे, दिव्य देह भयो उसको !

जलेश्वर शिव लिङ्ग बागमती नदीभित्र । गुह्येश्वरी उत्तर प्राङ्गण अगाडि धेरै देवदेवीका प्रतिमाहरू छन् । शिव लिङ्ग पनि छन्, केही दशक यता त्यहाँ वारि पारि गर्न फलामको पुल बनेको छ । अलिकति माथि जाऊँ, गुह्येश्वरी मन्दिर छ । सतीको गुह्य पतन भएको संसारकै प्रसिद्ध र पहिलो पीठ गुह्येश्वरी र गुह्येश्वरीको संयुक्त दर्शन गरी ब्रह्मा, विष्णु, रुद्रले आफ्नो सृष्टि, पालन र संहारको गुण, क्षमता प्राप्त गरेका हुन् । यहाँको बल प्राप्त गरी इन्द्रादी देवतालगायत दश दिक्पालहरूले सिद्धि प्राप्त गर्न सकेका हुन् । गुह्येश्वर शिव लिङ्ग माता गुह्येश्वरी अगाडि छ, सानो तर सुन्दर गुम्बज शैलीको मन्दिरभित्र शिव लिङ्ग रहेको छ, वाल चतुर्दशीमा विशेष मेला लाग्छ, मन्दिरमा सधैँ !

यसरी साउन महिना विशेषतः हिन्दु धर्मावलम्बीका लागि आस्थाको गहिरो स्रोत हो । यो महिना भक्ति भाव, व्रत, तपस्या र संयमको अभ्यासमार्फत आत्म शुद्धिको अवसर बन्न पुगेको छ । पशुपतिनाथको दर्शन, अभिषेक र पूजा यस महिनामा झनै अर्थपूर्ण मानिन्छ, जहाँ भक्तजनको जनसागरले भगवान् शिवप्रति अगाध श्रद्धा पोख्छन् । साउनको प्रत्येक सोमबारको व्रत र शिव पूजा धर्म, संस्कृति र परम्पराको अभिन्न हिस्सा बनेका छन् ।


पशुपतिनाथ केवल एक मन्दिर होइन, यो सनातन आस्थाको धरोहर र आध्यात्मिक यात्राको केन्द्रीय केन्द्र हो । साउन महिनाले मानिसलाई सत्कर्म, समर्पण र भक्ति मार्गमा प्रेरित गर्छ । पशुपतिनाथमा देखिने भीड र आस्थाको ज्वारभाटा यस कुराको सजीव प्रमाण हो– अझै पनि नेपाली समाजमा सनातन आस्थाले गहिरो स्थान ओगटेको छ । यसरी साउन र पशुपतिनाथ एक अर्काका पर्यायजस्तै भएर मानव जीवनलाई आध्यात्मिक उचाइतर्फ उन्मुख गराइरहेका छन् ।

## सामाजिक सञ्जाल



**रञ्जित तामाङ**

भाषा, त्यसको लिपी, व्याकरणबारे बहस हुनु राम्रो कुरा हो । तर, बहसको नाममा सधैँ भाँडभैलो हुनु, राम्रो कुरा होइन । तामाङ भाषाकै लिपिको कुरा गरौँ न ! कोही तामहीग भन्दै पाखुरा सुर्किरहेका छन्, कोही सम्भोटा भन्दै तिघ्रा ठटाइरहेका छन् । यस्ता दोबाटे झगडाले कहीँ पुगिँदैन ।



**मधुकर खनाल**

संवैधानिक आयोगहरूमा पूर्व प्रशासकहरू नियुक्त हुने प्रकृतिको न्यूनतम योग्यता तोक्न हाम्रो विधि नै खराब छ । पूर्व प्रशासकहरू कुनै पनि हालतमा स्वच्छ नैतिक स्वार्थ नबाझिने खालका हुँदैनन् । अख्तियारको प्रमुख आयुक्त पूर्व प्रशासकहरूबाट होइन, प्राज्ञ र विद्वान वर्गबाट हुनुपर्छ ।



**विनोद न्यौपाने**

कुरो गमेर ल्याउँदा स्वकीय भन्ने र अनावश्यक विषयवस्तुका ज्ञाता बाहेक हटाउँदा ३० प्रतिशत बढी मुलुकमा प्रशासनिक सुशासन कायम हुन्छ भन्ने कर्मचारी नै निस्किए । मन्त्री केही जान्दैनन्, साँठगाँठ गरी सेटिङ, कमिसन, ठेक्का मिलाउने यिनै स्वकीय भन्ने हुन् पो भने ।



**भीम रावल**

मधेसमा पानीको हाहाकार छ । १० पालिकाले नीति तथा कार्यक्रम र बजेट नल्याइकन कानुन मिचेका छन् । तर, प्रधानमन्त्री र दल मौन छन् । स्थायित्वको नारा दिने कांग्रेसमा आफ्नै मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ । दलमा सत्ता र धन आर्जनको होड जारी छ । प्रस्ट छ, सत्ताको घिन लाग्दो खेल चलेको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# मिडिया काउन्सिललाई मन्त्रालय मातहतमै राखे अस्वीकार गर्ने चेतावनी

**काठमाडौं/मस–** प्रस्तावित मिडिया काउन्सिललाई सरकारको मन्त्रालय मातहत राखिएमा अस्वीकार्य हुने सरोकारवालाहरूले चेतावनी दिएका छन्। संसद्को शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिद्वारा आयोजित विज्ञ तथा सरोकारवालाहरूसँगको छलफलमा सहभागीहरूले काउन्सिललाई स्वायत्त र नियमक निकायको रुपमा राख्नुपर्नेमा जोड दिएका थिए।



बैठकमा सुझाव दिने क्रममा अनलाइन टिभी पत्रकार संघका अध्यक्ष जीवन भण्डारीले प्रस्तावित कतिपय व्यवस्थाहरू अत्यन्त आपत्तिजनक र अस्वीकार्य रहेकाले सच्याउनु अनिवार्य रहेको बताए। उनले नियामक निकायलाई कुनै मन्त्रालय मातहत राखिनु अस्वीकार्य हुने स्पष्ट पारे।

अध्यक्ष भण्डारीले मन्त्रालयको कार्यालय जस्तो रहने र सरकारी कर्मचारी तथा पदाधिकारी नै हावी हुने व्यवस्था नियमक तथा स्वायत्तताको मर्म र भावना विपरीत हुने तर्क गरे।

काउन्सिललाई मिडिया अदालत जस्तो वा संवैधानिक निकाय जस्तो बनाउनुपर्नेमा जोड दिँदै उनले काउन्सिललाई पत्रकार केन्द्रित नबनाई सञ्चारमाध्यमका उपभोक्तालाई पनि न्याय दिने र उनीहरूले पनि विश्वास गर्ने खालको बनाउनुपर्ने सुझाव दिए।

काउन्सिलमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था पनि कुनै सरकारी पदाधिकारीले नभई स्वतन्त्र, व्यावसायिक, बहुपक्षीय र संसदीय पदाधिकारी रहेको निकायले सिफारिस गर्ने व्यवस्था गर्नुपर्ने भण्डारीको भनाइ थियो।

बैठकमा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले काउन्सिलमा गरिने नियुक्ति सूचना आयोग वा सार्वजनिक प्रसारण सेवामा गरिने नियुक्तिको प्रक्रिया जस्तै गर्नुपर्ने सुझाव राखिन्। उनले काउन्सिललाई आचार संहिता निर्माण गर्ने, लागू गर्ने र नियमन गर्नेमा केन्द्रित गर्नुपर्ने बताइन्। काउन्सिललाई सरकारी प्रतिनिधि घटाउने र जनताका प्रतिनिधि बढाउने व्यवस्था गर्नुपर्नेमा उनको जोड थियो।

नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइरालाले काउन्सिलका लागि मन्त्रालयले बजेट छुट्याउने कार्य पनि स्वाभाविक नभएको तर्क गरे।

मिडिया एडभोकेसी ग्रुपकी संस्थापक अध्यक्ष बबिता बस्नेतले मिडिया काउन्सिल स्वायत्ता नहुँदासम्म नियामक निकाय स्वतन्त्र बन्न नसक्ने धारणा राखिन्। समितिले आइतबारदेखि मिडिया सम्बन्धी विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गरिरहेको समितिका सभापति अम्मरबहादुर थापाले जानकारी दिए।


**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
**Chainpur, Bajhang**

**Invitation for Sealed Quotation**

**Method of Procurement: Sealed Quotation**
**Date of publication: 2082/04/13**

1. *Jayaprithvi Municipality, Bajhang* invites sealed quotations from registered suppliers for Supply and Delivery of goods from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The Summary of Contract is given below.

| S. N. | Contract Identification No: | Description of Work | Bid Security amount (Nrs) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | JPM-SQ-05-2082/083 | Supply and Delivery of Medicine and Medicine related items | 52,000 | 75 days | 1,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 092421508, 9868861828, 9858490254*** or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Jayaprithivi Na.Pa.(Ga-1-1)-Aantari | Bank | JayaprithiviNa.Pa.(GA-3)-Dharauti |
| Account Number | 4110100301010004 | Account Number | 4110100303000004 |

3. Purchase, Submission and Opening of sealed quotation:

| Last date of Bid Purchase | | Last Date of Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2082/04/28 | 12:00 Noon | 2082/04/28 | 12:00 Noon | 2082/04/28 | 14:00 |

**Chief Administrative Officer**


# कृषि ज्ञान केन्द्रले विभेदपूर्ण रूपमा ट्युबेल वितरण कार्यक्रम ल्याएको आरोप

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १२ साउन

मधेशका किसानहरू हाल चरम समस्याको सामना गरिरहेका छन्। आकाशबाट पानी एक थोपा खसेको छैन, बोरिङ र इनार सुकिसकेका छन्। धान खेतमै सुक्दै गएको छ, गाईवस्तुका लागि पानी छैन, र मानिसहरू एक गाग्री पानीका लागि लामो लाइनमा बस्न बाध्य छन्।




यस्तो गम्भीर संकटको अवस्थामा पनि कृषि ज्ञान केन्द्र, रौतहटका प्रमुख सुरेन्द्र प्रसाद कुर्मीले विभेदपूर्ण ढंगले 'स्यालो ट्युबेल तथा मोटर बोरिङ वितरण कार्यक्रम' को सूचना केही सीमित पालिका र वडामा मात्र जारी गरेपछि किसानहरू आक्रोसित भएका छन्।

आक्रोशित किसानहरूले सामाजिक सञ्जालमार्फत् प्रमुख कुर्मीमाथि कारबाहीको माग गरेका छन्। कृषकहरूले प्रमुख कुर्मीले अघिल्लो पटक पनि उखु प्रवर्द्धन, बगर खेती, स्यालो ट्युबवेल लगायतका योजनामा कमिसनको आधारमा योजना वितरण तथा भुक्तानी गरेको आरोप लगाएका छन्। रौतहटका अगुवा कृषक भोला पण्डितले योजना दिने नाममा किसानहरूलाई झुक्याएर भुक्तानीको बेलामा माथिको सेटिङ मिलाउनुपर्ने भन्दै कमिसन माग गरिएको आरोप लगाए।

कृषि ज्ञान केन्द्रका प्रमुख कुर्मीमाथि पटक-पटक विभेद, कमिसनखोरी, सत्ता पक्षका नेताहरूको संरक्षणमा योजनाको मनोमानी वितरणजस्ता आरोप लाग्दै आएको छ। स्थानीय किसान रुपेश यादवले कुर्मीले सधैं वास्तविक किसानलाई बाइपास गरी बिचौलियामार्फत योजना सम्झौता गर्ने गरेको आरोप लगाए। यसपटक स्यालो ट्युबेल तथा मोटर वितरण कार्यक्रमको सूचना विभेदपूर्ण तरिकाले प्रकाशित भएको भन्दै जनप्रतिनिधि, नागरिक समाज, र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले सम्बन्धित निकायमा दबाब दिएका छन्। उनीहरूले प्रकाशित सूचना तत्काल रद्द गर्नुपर्ने, सुखाग्रस्त क्षेत्रको अनुगमन गर्नुपर्ने र जिल्लाभरिका किसानलाई समेट्ने गरी नयाँ र निष्पक्ष सूचना जारी गर्नुपर्ने माग राखेका छन्।

त्यस्तै, प्रमुख कुर्मीमाथि छानबिन गरी जिम्मेवारी मुक्त गर्ने र उनको कार्यशैलीमा सुधार ल्याउनेतर्फ पनि सरोकारवाला पक्षहरूको ध्यानाकर्षण भएको छ। कृषि क्षेत्र जस्तो संवेदनशील क्षेत्रमा काम गर्ने व्यक्तिले सबै किसानलाई समान रूपमा व्यवहार गर्न आवश्यक रहेको किसानहरूको भनाइ छ।


**ऋणी वैद्यनाथ साह तेली, रमेश कुमार साह, निलम देवी, जितेन्द्र साहको नाममा ऋण तिर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०८२/०४/१३**

यस तेली बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेख भए अनुसार ऋणीहरु सोनाई साहको नाति विन्देश्वर साहको छोरा जि. सिरहा गा.वि.स. भवानीपुर-५ बस्ने वैद्यनाथ प्रसाद साह तेलीले २०८०/११/०९ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०८१/१०/०८ भित्र सम्पूर्ण साँवा व्याज, भुक्तानी गर्ने शर्तमा बहादुर साहको नाती सनवारी साह तेलीको छोरा, जि.बारा गा.वि.स. बतरा २ बस्ने रमेश कुमार साहले मिति २०८०/०४/१२ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०८१/०४/११ गतेभित्र सम्पूर्ण साँवा व्याज भुक्तानी गर्ने सर्तमा, राम परीक्षण साहको नातिनी जियालाल साहको छोरी जि.रौतहट गा.वि.स. गरुडा बैरिया-९ बस्ने निलम साहले २०८०/११/०२ गते का दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०८१/११/०१ गतेभित्र सम्पूर्ण साँवा व्याज भुक्तानी गर्ने शर्तमा, नारायण साहको नाती राजेन्द्र साहको छोरा जि. रौतहट गा.वि.स. गौर-११ बस्ने जितेन्द्र साहले मिति २०८१/०१/११ गतेका दिन यस संस्थाबाट व्यवसायिक कर्जा मिति २०८२/०१/१० गतेभित्र सम्पूर्ण साँवा व्याज भुक्तानी गर्ने शर्तमा कर्जा लिएकोमा विभिन्न मितिमा तपाईं ४ जना ऋणीहरुलाई पत्र तथा विभिन्न माध्यम मार्फत् साँवा व्याज र हर्जाना भुक्तानीका लागि ताकेता गर्दा पनि चुक्ता गर्न नआउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना यस राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ। उक्त दिन भित्र सम्पूर्ण रकम भुक्तानीका लागि उपस्थित नभएमा तपाई ऋणीहरुको तथा जमानीकर्ताहरुको शेयर तथा बचत रकमबाट असुल उपर गरिने छ। यदि यस संस्थाको ऋणीहरु तथा जमानीकर्ताहरुको नाममा रहेको शेयर र बचतबाट असुल उपर नभएमा जायजेथाबाट समेत कानून बमोजिम असुल उपर गरिने व्यहोरा अन्तिम पटक यसै सूचना मार्फत् जानकारी गराईन्छ।

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताको बिवरण |
|---|---|---|
| १. | ऋणीको नाम: वैधनाथ प्रसाद साह तेली<br>बाजेको नाम: सोनाई साह<br>बुवाको नाम: विन्देश्वर साह<br>ठेगाना : जि. सिरहा गा.वि.स. भवानीपुर -५ | १) गीता साह ठेगाना: लौकही गा.वि.स. सुनसरी<br>बाजे: लखन साह बुवा: राम प्रसाद साह<br>२) हंसा कुमारी साह ठेगाना: नरसिंह-७, सुनसरी<br>बाजे: सिताराम साह बुवा: कामेश्वर साह<br>३) रामचित्र साह ठेगाना: डाढा-२, सप्तरी<br>बाजे: स्व.कन्तरलाल साह बुवा: शिवनन्दन साह<br>४) धनपति साह ठेगाना: डिमन-३, सप्तरी<br>बाजे: तेतर साह बुवा: बच्चालाल साह<br>५) तेज नारायण साह ठेगाना: पोर्ताहा (वंकुलववा)-७ सप्तरी<br>बाजे: अवध साह तेली बुवा: हरिकिसन साह तेली |
| २. | ऋणीको नाम: रमेश कुमार साह<br>बाजे: बहादुर साह तेली<br>बुवा: सनवारी लाल साह तेली<br>ठेगाना बतरा २, बारा | १) पवन कुमार साह ठेगाना: कोचाबाखारी-८, सप्तरी<br>बाजे: भगलु साह बुवा: रामचन्द्र साह<br>२) धिरेन्द्र साह ठेगाना: रघुनाथपुर-५, रौतहट<br>बाजे: केवल साह बुवा: जगरनाथ साह<br>३) उषा रानी साह ठेगाना: गरुडा वैरीमा-९, रौतहट<br>बाजे: अवधलाल साह बुवा: योगेन्द्र साह<br>४) अजय कुमार साह ठेगाना: गरुडा वैरीमा-९, रौतहट<br>बाजे: जिमालाल साह बुवा: असर्फि प्रसाद साह तेली |
| ३. | ऋणीको नाम: निलम देवी साह<br>श्रीमान: राजकिशोर प्र. साह<br>बाजे: जिया लाल साह<br>बुवा: राम परीक्षण साह<br>ठेगाना : गडुडा बैरीया -९, रौतहट | १) राम केवल साह तेली ठेगाना : बबरगंज- ८, सर्लाही<br>बाजे : रामधारी साह तेली बुबा : रामचन्द्र साह तेली<br>२) विजय कुमार साह ठेगाना : गा.वि.स. जमुनिया- ५, सर्लाही<br>बाजे : नारायण साह बुवा : महेन्द्र साह<br>३) राकेश कुमार साह तेली ठेगाना : बबरगंज- ८, सर्लाही<br>बाजे : बाबजी साह तेली बुबा : रामएकवाल साह तेली<br>४) अजय कुमार साह ठेगाना: गरुडा वैरीमा-९, रौतहट<br>बाजे: जियालालु साह बुवा: असर्फि प्रसाद साह तेली |
| ४. | ऋणीको नाम: जितेन्द्र साह<br>बाजे: नारायण साह<br>बुवा: राजेन्द्र साह<br>ठेगाना : गौर गा.वि.स ११, रौतहट | १) भेखधारी साह तेली ठेगाना : पतौरा- १, रौतहट<br>बाजे : शिव साह बुबा : रामजोधी साह तेली<br>२) उमेश साह ठेगाना : राजदेवी गा.वि.स- २, रौतहट<br>बाजे : देउकी साह बुबा : सत्यनारायण साह<br>३) प्रमोद साह ठेगाना : संग्रामपुर गा.वि.स.- ६, रौतहट<br>बाजे : राम साह बुबा : जादो लाल साह<br>४) वालदेव साह ठेगाना : राजदेवी गा.वि.स- २, रौतहट<br>बाजे : खोभारी साह तेली बुबा : कैलाश साह तेली<br>५) श्रीराम साह ठेगाना : राजदेवी गा.वि.स- २, रौतहट<br>बाजे : खोभारी साह बुबा : जोगेन्द्र साह |

**तेलि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
शान्तिनगर-३१ काठमाडौं । फोन ०१-४१०७९४३



**Announcement of Name Change**

Prabhav Byanju Shrestha resident of Ward No. 7, Dhulikhel Municipality, Kavrepalanchok District, Nepal, hereby declare that my father's name has been incorrectly mentioned as Pramod Byanju Shrestha in my CBSE Class 10 and Class 12 Board Certificates. The correct name is Pramod Kumar Shrestha Byanju. Affidavit sworn on 25 July 2025 before Hasina Pradhan, Regd. No. 1659.



**साउदीमा रोजगार**

कम्पनी: **ALOBAID PLASTIC MANUFACTURER** शहर: **RIYADH**
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ चलानी नं.: ६०२४०६४६ **L.T. No.: 326552**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 2500 | ९२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ALOBAID PLASTIC MANUFACTURER** शहर: **RIYADH**
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ चलानी नं.: ६०२४०६४८ **L.T. No.: 326553**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vicale Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 2 | 0 | | 1800 | ६६,२७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २० गते (5 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**दि गोर्खा रि-इम्प्लाईमेन्ट प्रा. लि.**
श्रम इजाजत पत्र नं. ०५७।०५१।०५२
बसुन्धारा तिलिङटार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल, फोन: ०१-५९०३०५३, ५९०३०५५
E-mail: tgurkha2019@gmail.com "COMPLETE MANPOWER SOLUTIONS"



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!**
**शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!**

कम्पनी: **AL AMAL HEALTH CARE SERVICES** देश : **UAE**
पूर्व स्वीकृत मिति: २०८१/१२/२९ चलानी नं.: ६०२३६०१८ **LT. No.:321976** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 5 | स. काममा दक्ष | 6200 | २३३,१८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २० गते (5 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर भ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



**Saudi मा रोजगार**

**Al Othman Agri. Prod & Proc Co.**
पूर्व स्वीकृति मिति: २०८२/४/१२ चलानी नं.: ६०२४१८०५ LT No. 327108

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Drivers | 10 | 0 | [illegible] | 1800 | ६६,३००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Vehicle Driver | 15 | 0 | | 1500 | ५५,२६०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ साउन २० गते (5 Aug., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ।**

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com



**कतारमा रोजगार**

कम्पनी : BHETGHAT RESTAURANT शहर : QATAR
पूर्व स्वीकृत मिति: २०८०/०८/२७ चलानी नं.: ६०२११४८१ L.T. No.: 295119 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SUPERVISIOR | 1 | 0 | स. काममा दक्ष | 2500 | ९४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २० गते (5 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.**
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np



**UAE मा रोजगार**

कम्पनी: **A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC** शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०८१/०७/२९ चलानी नं.:६०२२८००४ **LT. No.:312931** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 77 | 0 | स. काममा दक्ष | 800 | ३०,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २० गते (5 August 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**Support Human Resources Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११११२६, ९८०२०५०४२२



**काठ बोपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०४/१३ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको साल जातको गोलिया थान १५७३ को ६७०३.२८ घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**कैलाश सा.व.उ.स.**
**ठाकुरबाबा-५, बर्दिया**



**समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Samata Gharelu Laghubitta Bittiya Sanstha Limited**
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

**संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/१३ गते, मंगलवार**

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको ४,००० कित्ता संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा राखि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्ने प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि विद्यमान संस्थापक शेयरधनी महानुभावलाई कम्पनीको संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता तथा दरभाउ सहितको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**बिनामाई इन्टरनेशनल प्रा. लि. को जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **बिनामाई इन्टरनेशनल प्रा.लि.** (श्रम इजाजत पत्र नं. १४६/०५६/०५७) को केन्द्रीय कार्यालय मिनभवन काठमाडौं -३१ मा बाहेक अन्यत्र कहि कतै शाखा कार्यालय र सम्पर्क कार्यालय तथा एजेन्ट नभएको यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं। यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को केन्द्रीय काठमाडौंबाट मात्र गर्न अनुरोध गर्दछौं।

**बिनामाई इन्टरनेशनल प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १४६/०५६/०५७
मिनभवन, काठमाडौं, फोन नं. ४७९९००६५, ४७९०२००,४७९००७९



# निक्षेपउपर हकदावी गर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकको खातावालहरुको मृत्यु भएको हादा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकमपाउँ भनी मृतकका देहायका हकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्यकुनै हकदार भएको भए त्यस्ताहकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध)** दिनभित्र सप्रमाण यस बैंकमा हक दावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि.नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबी गर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १. | **बाबुराम बि.क.**<br>बाबु : गिरे कामी<br>बाजे : गोबिन्दे कामी | अर्घाखांची जिल्ला, छत्रदेव गा.पा. वडा नं. ४ | **बचत खाता नं.**<br>२१४१००१७५०६७३६ | छत्रगन्ज | २०८२/०३/०८ | अर्घाखांची जिल्ला, छत्रदेव गा.पा. वडा नं ४, बस्ने सुनिता कामी (श्रीमती) |
| २. | **डा.नर्वदा लाल मास्के**<br>बाबु : गंगा लाल मास्के<br>बाजे : चन्द्र लाल मास्के | बाग्मती प्रदेश, काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. २, सानो भऱ्याङ्ग, काठमाण्डौं | **बचत खाता नं.**<br>०११००१०७३२४०१ | तीनधारा | २०७९/०६/२८ | बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.२, सानो भऱ्याङ्ग, काठमाण्डौं बस्ने अनुप लाल मास्के र आशिष मास्के (छोराहरु) |
| ३. | **अक्कल बहादुर रावल**<br>बाबु : सुके रावल<br>बाजे : करे रावल | कैलाली जिल्ला, गोदावरी न.पा वडा नं १० | **बचत खाता नं.**<br>६८१००१७५००२४० | आलिताल | २०८१/०९/२६ | कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं १०, बस्ने इश्वरी रावल (श्रीमती) |
| ४. | **बल बहादुर सिंह**<br>बाबु : हरि सिंह<br>बाजे : उदे सिंह | डोटी जिल्ला, तोलेनी गा.वि.स वडा नं ०३ हाल : सायल गा.पा. वडा न. ०२, डोटी | **बचत खाता नं.**<br>०७८१००१७५१००७५ | सायल | २०८१/११/१२ | डोटी जिल्ला, सायल गा.पा. वडा नं. ०२ बस्ने महेन्द्र बहादुर सिंह (छोरा) |

**NABIL BANK®**
प्रधान कार्यालय,दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१, इमेलः info@nabilbank.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ साउन २०८२ मंगलबार
29 July 2025, Tuesday

# ‘अभिमन्यु : च्याप्टर १’का पोस्टरमा खुसी र तनाव




**काठमाडौं/मस–** सामाजिक सन्देशसहितको कथामा निर्माण भइरहेको बहुप्रतीक्षित चलचित्र ‘अभिमन्यु : च्याप्टर-१’ ले आफ्नो औपचारिक पोस्टर सार्वजनिक गरेको छ । निर्माण टिमले एकैदिन चलचित्रका दुई फरक स्वादका पोस्टर सार्वजनिक गर्दै दर्शकमाझ उत्सुकता थपेको हो ।

सार्वजनिक पोस्टरले चलचित्रका पात्रहरू र उनीहरूबीचको सम्बन्धबारे केही झलक दिन खोजेको देखिन्छ । एउटा पोस्टरमा चलचित्रका मुख्य पाँच कलाकार प्रकाश दाहाल, लक्ष्मी बर्देबा, कामेश्वर चौरासिया, गौमाया गुरुङ, सरिता गिरी र किरण श्रेष्ठ फिचर छन् । यीमध्ये किरण श्रेष्ठबाहेक सबैको अनुहारमा तनाव र रहस्य मिश्रित भाव देखिन्छ, जुन सम्भवतः कथाको जटिलतासँग जोडिएको संकेत हो ।

यसै पोस्टरमा एक पात्रलाई प्रहरीले हतकडी लगाएर बयान लिइरहेको देखिन्छ भने अर्का प्रहरी जवान सुरक्षा निगरानीमा उभिएका छन् । दृश्यले कथाको गम्भीर मोडतर्फ इसारा गर्छ, जसले दर्शकको जिज्ञासा बढाउन सक्छ ।

दोस्रो पोस्टरमा भने कामेश्वर चौरासिया र लक्ष्मी बर्देबा कुनै मन्दिरको परिवेशमा आरती सल्काउँदै खुसी मुद्रामा देखिन्छन् । लक्ष्मीको पहिरन र दुबैको हाउभाउले उनीहरू नवविवाहित जोडीजस्तो देखिन्छन्, जसले फिल्मको कथामा प्रेम र पारिवारिक पाटो पनि समेटिएको संकेत दिन्छ ।

यसअघि सार्वजनिक गरिएको मोसन टिजरले पैसाका लागि हुने संघर्ष र त्यसबाट उत्पन्न हुने द्वन्द्वको झलक दिएको थियो । अहिले सार्वजनिक पोस्टरहरूले त्यो विषयवस्तुलाई थप बलियो बनाउँदै तनाव, रहस्य र सम्बन्धको त्रिकोणीय चित्रण गरेका छन् ।

चलचित्र ‘अभिमन्यु : च्याप्टर-१’ यही भदौ २७ गतेबाट नेपाली भाषामा प्रदर्शनमा आउनेछ । हिन्दी संस्करण भने असोज ६ गते (सेप्टेम्बर २२) देखि विश्वव्यापी रिलिज हुने निर्माण पक्षले जनाएको छ ।

चलचित्रले पैसाको मोहमा चक्रव्यूहमा फसेका पात्र र उनीहरू त्यसबाट उम्कन गर्ने संघर्षको कथा भन्ने निर्देशकको दाबी छ । फिल्मले समाजमा विद्यमान आर्थिक प्रलोभन र त्यसले निम्त्याउने व्यक्तिगत द्वन्द्व र नीतिगत टकरावलाई उठान गर्ने प्रयास गरेको छ ।

